www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine

पाक्षिक

वर्ष १, अंक १५, २०७४ जेठ १६ गते May 30, 2017 रु.१५।-






तस्वीरः प्रेम थापा

# सारङ्गीको धूनमा "रिङ्केबुङ्को राँगो"

कुनैबेला मुलुकको लोकगायनको क्षेत्रलाई महत्वपूर्ण योगदान दिएका गायक गायिकाहरू अहिले गाउँ फर्केर आफ्नो जिन्दगी बिताइरहेका छन्। रेडियो नेपालमा गीत रेकर्ड त गराए तर रेडियो नेपालले उनीहरूको प्रतिभालाई राजधानीमै राखेर अझ गाउँतिरका भाका ल्याउन उत्प्रेरित गर्न सकेन र यहाँको अभावको जिन्दगी भन्दा गाउँको ढिंडो र गुन्द्रुकमै जिन्दगी महान सम्झिएर गायक, गायिका, संगीतकार, बाद्यवादकहरू गाउँ फर्किएकै हुन्। अहिले मोफसलमै रहेर आफ्नो पुरानो पहिचानलाई जिन्दगीको दोसाँधमा गुजारिरहेका छन् धेरैले। सिन्धुलीगढी घुमेर हेर्दाका गायक कृष्णविक्रम थापा हुन् या आमाले सोध्लिन्निका गायक झलकमान गन्धर्व नै किन नहुन् औषधी उपचारको अभावमा भौतिक शरीर त्याग्न पुगेका हुन्। यदि प्रतिभाको उचित कदर भइदिएको भए गगनचुम्बी महल बन्थे होलान् उनीहरूको पनि। गाउँशहरमा लमजुङ दरबार गाउने माया गुरूङ नागरिकता प्राप्तिकै लागि लडिरहनुपर्‍यो। रेडियो नेपालमा आफ्नो प्रतिभा अनुसारको जागिरका लागि धेरै हात जोडे पनि अन्ततः केही सीप लागेन गायक सुरेश गन्धर्वलाई पनि। त्यही यथार्थलाई आत्मसात गरेर गाउँ फर्किएका गायक हुन् सुरेश गन्धर्व। पूर्वको भोजपुरमा जन्मिएका गायक गन्धर्वले नेपाली गीतसंगीतमा राम्रो छाप छोडेका छन्। उनले रेडियो नेपालमा एक दर्जन गीत गाएका छन् भने दार्जिलिङ, सिक्किमका रेडियोमा भने दर्जनौं गीतमा स्वर दिएका छन्। सारङ्गीको जिन्दगीमा कथा बोकेको गीत गाउँदै गाउँ डुल्ने गरेका उनी अहिले गाउँमै सारङ्गीका तारहरूसँग जीवन गुजारिरहेका छन्। सारङ्गीको धूनमा जिन्दगीको वसन्तहरूलाई पार गर्दा गर्दै कपाल पाकिसकेको 'रिङ्केबुङ्को राँगो' अर्थात् सुरेश गन्धर्वको जिन्दगी एउटा पाठ्यक्रम बनिसकेको छ संगीत सिक्नेहरूका लागि। उनीजस्ता सयौं संगीतकर्मीहरू प्रतिभालाई पछाडि राखेर पारिवारिक जिम्मेवारीभित्र जिन्दगीलाई उत्तरार्द्धतर्फ मोडिरहेका छन्।




"सायद आफू नपरेको कुण्ठा पनि हुनसक्छ। कहिलेकाहीँ आफ्नै कुखुराका चल्ला हराउँदा चिल किन आएन भनेर सोच्नुपर्ने हुन्छ ? सिनो भएको ठाउँमा गिद्ध चाँडो आएर सिनो खाओस् भन्ने लाग्छ किनकी सिनोले गन्ध फैलाउन नपाओस् वातावरण सफा बनोस् भन्ने चाहना हुन्छ। हामीले सिङ्गो लोकदोहोरी क्षेत्रको स्तरोन्नती, सम्बर्द्धन, प्रबर्द्धनका लागि अवार्ड आयोजना गरेका हौं, कसैको गोजीको खर्च र लगानीले यो अवार्ड भएको होइन।"



राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान उपत्यका समन्वय समितिका **अध्यक्ष पीएन सापकोटा**सँगको कुराकानी पृष्ठ ९ मा



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## रिलिज कर्नर

### समाजभित्रको मर्मस्पर्शी एउटा जीन्दगानी



सडक बालबालिकाको मर्मस्पशी जीवनशैली कथा बेग्लै हुनसक्छ। तर, यहाँ अपांगता जीवन जिउन नपरोस् भन्दाभन्दै पनि समाजमा यस्ता कथाहरू जन्मिरहेकै छ। र, तिनको जीवनशैलीलाई नजिकबाट नियाल्दा लाग्छ, 'जीन्दगी आखिर यही हो।' यस्तै, मर्मस्पर्शी तर समाजभित्रको समस्यालाई मोडल सम्झना राईले आफ्नो सुरिलो स्वरमा गाएकी छन्। 'जीन्दगानी' बोलको यस गीतमा सम्झनाले नै मोडलिङ गरेकी छन्। यसै गीतबाट गायिका बनेकी मोडल सम्झनाको अभिनयको त कुरै छाडौं। यो भिडियो हेर्नेहरूको एकपटक अवश्य आँखा रसाउँनेछ। र, भन्नेछन्, 'के यस्तो पनि जीन्दगानी ?'

यस गीतको भिडियोमा सडक बालबालिकाको जीवनशैली त छँदैछ नै, अपांगता भएकाहरूको जीवन तथा दिनचर्यालाई ऐना जतिकै उतारिएको छ। निर्देशकले गीतको मर्मलाई मर्न दिएका छैनन्। यही वास्तविकता र समाजले अलग मानेको विकराल समस्यालाई गायक तथा संगीकार महेन्द्र राईले गीतमा उतारेका हुन् भने यस भिडियोको निर्देशन दर्पण राईले गरेका हुन्। यस भिडियोमार्फत दर्पणले आफ्नो निर्देकिय क्षमता राम्ररी प्रस्तुत गरेका छन्। महेन्द्र राईकै संगीत रहेको 'जीन्दगानी' को भिडियोलाई डम्बर राईले खिचेका हुन्।

### भिम लिम्बुको हातै काटेर



सुगम संगीतका लोकप्रिय गायक भीम लिम्बु आफ्नो पछिल्लो एकल एल्बम 'मिम्जिमा' को शीर्षक गीत 'हातै काटेर" को म्युजिक भिडियो लिएर दर्शक तथा स्रोतामाझ आएका छन्। रोमान्टिक शैलीको उक्त गीतको म्युजिक भिडियोमा लोकप्रिय अभिनेत्री प्रियंका कार्कीले अभिनेता निराजन प्रधानसँग अनस्क्रिन रोमान्स गरेकी छिन्।

हरि लम्सालद्वारा संगीतबद्ध यो गीतमा सञ्जिव थापाका शब्द सुन्न सकिन्छ। संगीतकार लम्सालले नै यो गीतको संगीत संयोजन गरेका हुन्। यो म्युजिक भिडियोको निर्देशन अर्जुन अधिकारीले निर्देशन गरेका हुन्। भिडियोमा प्रस्तुत भएका प्रियंका र निराजनको जोडीलाई दर्शकले मन पराउन थालेका छन् भने गायक लिम्बुको स्वरले पनि प्रसंसा पाउन थालेको छ। भिडियोमा प्रेमि-प्रेमिकाको रूपमा प्रस्तुत भएका प्रियंका र निराजनले गीतको शब्दमा व्यक्त गरिएका प्रेमिल भावनालाई अभिनयमार्फत प्रस्तुत गरेका छन्। हरि हुमागाईंद्वारा छायांकन गरिएको यो भिडियोलाई निशान घिमिरेले सम्पादन गरेका हुन्।




**म्यूजिकखबर**। गायिका सञ्जु न्यौपानेलाई यतिखेर घर बसाउने चिन्ता बढेको छ। आफ्ना साथीसंगी सबै माइती छोडेर गइसकेपछि आफू मात्रै विजोडी भएर बस्दाको पीडा व्यक्त गर्दैछिन् सन्जु। बरको खोजीमा रहेको एक्लो पिपलु आफू बनिरहेको गुनासो गर्दैछिन्। त्यस्तै गायक विमल परियारलाई पनि एउछै चिन्ता छ लगन नजुरेको। धेरैको लगन जुरेर घरबार बसिसक्दा पनि आफ्नो भने लगन नजुरेको हुँदा एक्लो बर बनेर बस्नुपरेको पीडा छ उनीभित्र।

संस्कृति म्यूजिकको प्रस्तुतिमा बजारमा आएको पञ्चेबाजाको गीत हो कहिले बस्ला घर। सन्जु न्यौपाने र ईश्वर बर्देवाको संयुक्त प्रस्तुतिमा रहेको कहिले बस्ला घर घरजम नहुनेको लागि प्रतिनिधित्व गरेको गीत हो। रमेश बिजीको शब्दमा विमल परियारको भाका संकलन रहेको यस गीतमा सन्जु र विमलको स्वर रहेको छ। प्रकाश भट्टको निर्देशनमा तयार भएको म्यूजिक भिडियोमा हरिश महराले छायाँकन गरेका छन् भने विष्णु शर्माको सम्पादन रहेको छ।

# राजबंशीको 'मायाको नशा'



**म्यूजिकखबर**। गायक बलराम राजवंशीको आधुनिक गीतगजलसंग्रह 'मायाको नशा' सार्वजनिक भएको छ। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भूजिक बास्कोटाको प्रमुख आतिथ्यतामा उक्त एल्बम सार्वजनिक गरिएको हो। बलाराम राजवंशीका संगीत गुरू गुरूदेव कामत, संगीतकार संघ नेपालका महासचिव लक्ष्मण शेष, गायक प्रमोद खरेल, संगीतकार हरि लम्साल लगायतका विशिष्ट अतिथिहरूको हातबाट गीतगजलसंग्रह मायाको नशा सार्वजनिक गरिएको हो।

विन्ध्यवासिनी म्यूजिकका संचालक सुवास रेग्मीको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा गायक बलराम राजवंशीले गीतबाट उपस्थित अतिथिहरूलाई स्वागत गरेका थिए। राजवंशी भाषामा आधा दर्जन एल्बम सार्वजनिक गरिसकेका राजवंशीले नेपाली भाषामा भने पहिलो एल्बम सार्वजनिक गरेको बताएका थिए। विगत लामो समयदेखि संगीत स्कुल संचालन गरिरहेका राजवंशी स्टार होटलहरूमा आफ्नो प्रस्तुति दिँदै पनि आएका छन्। भारतको इलाहवादबाट संगीतमा ज्ञान हासिल गरेर अहिले निरन्तर पनि गुरूदेव कामतसँग संगीत शिक्षा लिइरहेका राजवंशीको स्वरको प्रशंसा सबैले गरेका थिए।

बलरामका सहपाठी प्रमोद खरेलले राम्रो स्वर, संगीतको शिक्षक भएर पनि चर्चाका हिसाबले पछाडि रहनु भएका भन्दै राजवंशीभाषाबाट नेपाली भाषामा गीत गाउनु चुनौति भएको



उल्लेख गरेका थिए। त्यस्तै संगीतकार महेश खड्काले बलराम राजवंशी सम्भावना लुकाएर बसेको गायकका रूपमा चिन्न पाएको हुँदा आफ्नो संगीतमा गीत गाउने अवसर दिने बताएका थिए। खड्काले गीतसंगीतको क्षेत्रमा अधिकारको लँडाई लड्दै आएको हुँदा कुनै दिन समाजले मेरा छोरा छोरी गीतसंगीतमा लगाउनुपर्छ भन्ने वातावरण सिर्जना अब छिट्टै हुने बताए। त्यसैगरी प्रमुख अतिथि शम्भुजित बास्कोटाले राजवंशीको स्वरको प्रशंसा गर्दै सम्भावना धेरै भएको गायकका रूपमा पाएको बताए। कुनै दिनको उनको प्रस्तुति सुन्दा आफूले जुन गीत भन्यो त्यो गीतलाई न्यायपूर्वक गाएको देख्दा यो व्यक्ति भविश्यमा राम्रो गायक बन्नेछ भन्ने आशा लिएको थिएँ त्यो दिन अब आइसकेको छ बास्कोटाले भने। कार्यक्रम संचारकर्मी नरेश भट्टराईले संचालन गरेका थिए। एल्बममा ५ वटा गीत समावेश गरिएको छ।

# तुल साम्सुहाङको 'सुरूवात'



**म्यूजिकखबर**। युवा गायक तुल साम्सुहाङ राईले गाएका आधुनिक तथा पप गीतहरूको एल्बम 'सुरूवात' शुक्रवार काठमाडौंमा लोकार्पण गरिएको छ। वरिष्ठ संगीतकार गणेश रसिक, गायिका कुन्ति मोक्तान, कलाकार प्रकाश आङ्देम्बे तथा साहित्यकार उपेन्द्र सुब्बाले संयुक्त रूपमा उक्त एल्बम सार्वजनिक गरेका हुन्।

विगत चार वर्षदेखि अमेरिकामा बसोबास गरिरहेका गायक राईको यो पहिलो एल्बम हो। एल्बममा माया, दिन बित्छ पखाईमा, चञ्चले कान्छीको, लाखौं जुनी, जून मुस्काइ रहेछ, केवल तिम्रो तथा गोर्खे सलाम शीर्षकका सात वटा गीतहरू समावेश छन्। एल्बमका गीतमा बाबु बोगटी, किरण गजमेर, डम्बर नेपाली, प्रताप सुब्बा, गणेश सेन्चुरी, प्रवेश राई तथा टंक बुढाथोकीको संगीत निर्देशन छ। यी गीतहरू सौरभ तिम्सिना, डम्बर नेपाली, प्रताप सुब्बा, नविन प्राचिन, विश्वास लामा तथा टंक बुढाथोकीको शब्द सुन्न सकिन्छ। एल्बमका गीतहरूमा बाबु प्रधान, मोहित मुनाल, अशोक लोहारूङ राई, सुजिल कर्माचार्य तथा टंक बुढाथोकीको संगीत संयोजन छ।

कक्षा ५ मा अध्ययनरत छँदै संगीतपैति आकर्षित भएका गायक हुन् तुल साम्सुहाङ राई। पथरी, मोरंगका स्थायी वासिन्दा तुलले काठमाडौं आएर संगीतको औपचारिक प्रशिक्षण समेत लिए। त्यसपछि चार वर्षअघि उनी अमेरिका प्रस्थान गरे। अमेरिका रहँदा पनि उनले संगीत साधनालाई निरन्तरता दिइरहे। विमोचन गरिएको 'सुरूवात' का सबै गीतहरू अमेरिकामै रेकर्डिङ गरिएका हुन्। विमोचित एल्बमलाई तुलसी ईन्टरटेन्मेन्टले बजार व्यवस्थापन गरेको छ।

विमोचन समारोहमा एल्बमको 'माया...' गीतको म्युजिक भिडियो पनि प्रिमियर गरिएको छ। उक्त अवसरमा गायक राईले हास्य अभिनेता शुलेमान शंकर 'इकु' द्वारा मुलपानीमा

सञ्चालित स्नेह आश्रमका लागि नगद २५ हजार रूपैयाँ हस्तान्तरण गरे। यसका साथै एल्बमको विक्रिबाट आएको रोयल्टीको ४० प्रतिशत रकम पनि उत्तः आश्रमलाई प्रदान गर्ने घोषणा गरे।

# तिवारीको युनिक बजारमा

विगत लामो समयदेखि गीत लेखनमा सक्रिय रहेका सानु तिवारीको 'युनिक' बजारमा आएको छ। एल्वममा एकधर्को सिन्दुर..., जवानीमा..., भोजपुर जिल्ला..., सिमसिमलगायत पाँच गीत समावेश गरिएको छ। सवै गीतमा डीजराज पौडेलको स्वर र सङ्गीत रहेको छ भने सङ्गीत संयोजन रामकार्कीको। कलेक्सन एल्वममा गीतहरू लेखेका सानुको 'युनिक' पहिलो एल्वम हो।

एल्वममा रहेको गीतमध्ये 'एकधर्को सिन्दुर...'को भिडियो पनि सार्वजनिक भइसकेको छ। भिडियोमा ईश्वर, श्रृष्टि र नवीनले अभिनय गरेका छन्। किशोर अनुरागको निर्देशक रहेको भिडियोलाई शिव पंगेनीले खिचेका हुन्। प्रायः मधुर गीत लेखनमा आफूलाई सक्रिय बनाएका सानुले चलचित्रहरूमा पनि गीत लेखेका छन्। सार्वजनिक




समारोहमा अतिथिहरूले उनलाई शुभकामना तथा बधाई दिएका थिए।

वि.सं. २०६४मा 'घात' गीतिसङ्ग्रह बजारमा ल्याएका सानु भोजपुर तिवारी भञ्ज्याङका स्थायी बासिन्दा हुन्। विभिन्न समाजसेवामा पनि आफूलाई उपस्थिति गराउँदै आएका छन् उनले। सानुले व्यवसायमा ब्यस्त हुँदा हुँदै पनि गीती लेखनमा आफूलाई सक्रिय राख्दै आएका छन्।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
वर्ष १, अंक १५, २०७४ ज्येष्ठ १६


# पाँचौं लोकदोहोरी अवार्डको मनोनयन




**म्यूजिकखबर ।** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल उपत्यका समन्वय समितिको आयोजनामा हुँदै आएको लोकदोहोरी अवार्डको पाँचौं संस्करणको उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक गरिएको छ । आज राजधानीको दरबार रोधी क्बलमा एक कार्यक्रमको आयोजना गर्दै समन्वय समितिले उत्कृष्ट पाँचमा परेका स्रष्टा र सिर्जनालाई उत्कृष्ट पाँचको मनोनयनको प्रमाणपत्र प्रदान गरेको हो । विभिन्न २५ विधा समेटेर विगत चार वर्षदेखि आयोजना गरिँदै आएको यस अवार्डमा सहभागी भएका गीतहरूबाट उत्कृष्ट पाँच सार्वजनिक गर्दै आगामी असार २ गते राजधानीमा अवार्ड सम्पन्न गर्न लागेको समन्वय समितिका अध्यक्ष पीएन सापकोटाले जानकारी दिएका छन् । प्रतिष्ठानका निवर्तमान अध्यक्ष चन्द्र शर्माको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा प्रतिष्ठानका सल्लाहकार आरसी कोइराला, हरि मरहट्ठा, पृथ्वी थकाली लगायतको उपस्थिति रहेको थियो ।

## सर्वोत्कृष्ट पाँचको मनोनयन निम्नानुसार रहेको छ :

### सर्वोत्कृष्ट राष्ट्रिय भावको गीत

| | | |
|---|---|---|
| १. बैकुण्ठ महत | हाम्रो नेपाल | -1A |
| २. राजन कार्की | बुद्ध खेल्ने आँगन | -1B |
| ३. बाबुराम तिमल्सिना | मेरो हिमाल | -1C |
| ४. सम्झना लामिछाने | चम्पा चमेली | -1D |
| ५. नबिन पौडेल | छौ नाना थरी | -1E |

### सर्वोत्कृष्ट लोक दोहोरी गीत (एल्बम)

| | | |
|---|---|---|
| १.राजन गुरूङ | उही खोलिमा पानी | -2A |
| २.बिमल अधिकारी | मर्ने मिति | -2B |
| ३.प्रिती आले | फल्यो बाँमरी | -2C |
| ४.भिमु गुरूङ्ग | अमिलो रसैले | -2D |
| ५.मौसम गुरूङ्ग | तिमी फुल हौ काली | -2E |

### सर्वोत्कृष्ट परम्परागत गीत

| | | |
|---|---|---|
| १. निता पुन/रमिना गर्बुजा | शिरफुल माया | -3A |
| २. प्रशाद खप्तरी मगर | जुनलाई नगने (ठाडो भाका) | -3B |
| ३.बिराज उखिरा मगर | तोरी हरियो (टप्पा) | -3C |
| ४.नबिन राना | खाएछ कि कलेजो | - 3D |
| ५.इश्वर सिंह | सागरै तरेर | -3E |

### सर्वोत्कृष्ट लोक गीत

| | | |
|---|---|---|
| १.बिरही कार्की | आमाको तस्बिर हातैमा | -4A |
| २.सुर्य खड्का | खाडी मुलुकको पीडा | -4B |
| ३.जुना श्रीष | उराठ लाग्दो चैत | -4C |
| ४.रामजी पौडेल | कति भोगे मैले | -4D |
| ५.मौसम गुरूङ | निभेको आगो म | -4E |

### सर्वोत्कृष्ट लोकदोहोरी शब्द

| | | |
|---|---|---|
| १.प्रल्हाद सुबेदी | मेरो झल्को आएमा | -5A |
| २.कस्तुप पन्त | जवानीमा धक्का | -5B |
| ३.राजन ठकुरी | मनमा आगो सल्कायोउ | -5C |
| ४.सिव सुबेदी | तिम्रै झल्को दियो | -5D |
| ५.घनश्याम रिजाल | अमिलो रसैले | -5E |

### सर्वोत्कृष्ट लोक दोहोरी लय

| | | |
|---|---|---|
| १.बसन्त थापा | उही खोलिमा पानी | -6A |
| २.रामु खड्का | मर्ने मिति | -6B |
| ३.खेम सेन्चुरी | सपनीमा आँसु पुच्छन | -6C |
| ४.बसन्त थापा | फुल्यो बामरी | -6D |
| ५.ऋषि खड्का | यी आँखाको नानी | -6E |

### सर्वोत्कृष्ट लोकदोहोरी गायक

| | | |
|---|---|---|
| १.कुलेन्द्र बिश्वकर्मा | बतासै चलाउने | -7A |
| २.रामजी खाँण | अमिलो रसैले | -7B |
| ३.पशुपति शर्मा | आमा -३ | -7C |
| ४.कृष्ण रेउले | आज गाउँमा | -7D |
| ५.राजन गुरूङ | उही खोलिमा पानी | -7E |

### सर्वोत्कृष्ट लोकदोहोरी गायिका

| | | |
|---|---|---|
| १.देवी घर्ती | उही खोलिमा पानी | -8A |
| २.टिका पुन | नाच्न मन लाछ | -8B |
| ३.जुनु रिजाल | आज गाउँमा | -8C |
| ४.मुना थापा | मुटुमा बसेको माया | -8D |
| ५.जुना श्रीस | उराठ लाग्दो चैत हजुर | -8E |

### सर्वोत्कृष्ट नव गायक

| | | |
|---|---|---|
| १.खेम सेन्चुरी | दास बनेर | -9A |
| २.गङ्गा पुन | गाउँले पाराको | -9B |
| ३.चेतन गोतामे | स्याङ्जालिको छोरो | -9C |
| ४.मोहन खड्का | मर्ने मिति | -9D |
| ५.गोपाल नेपाल जीएम | साउदी मलेसिया | -9E |

### सर्वोत्कृष्ट नव गायिका

| | | |
|---|---|---|
| १.सन्ध्या बुढा | छाती चरचर | -10A |
| २.अनुजा पुडासैनी | मेरो बिन्ती सुन | -10B |
| ३.भिमु गुरूङ | अमिलो रसैले | -10C |
| ४.भूमिका गिरी | पैसा यो | -10D |
| ५.कोपिला गुरूङ | दरौंदीमा पुल | -10E |

### सर्वोत्कृष्ट लोकदोहोरी निर्देशक

| | | |
|---|---|---|
| १.बब्बु थापा | उही खोलिमा पानी | -11A |
| २.शंकर बिसी | मायाले मन बराल्छ | -11B |
| ३.कपिल लामा | मर्ने मिति | -11C |
| ४.एकिन्द्र सारा शंकर | मनको संदेश | -11D |
| ५.बिक्रम चौहान | झम्के साँझमा | -11E |

### सर्वोत्कृष्ट लोकदोहोरी नायक(अभिनय)

| | | |
|---|---|---|
| १.महेन्द्र गौतम | मेरो झल्को आएमा | -12A |
| २.शिबम पोखेल | तिम्रो झल्को दियो | -12B |
| ३.दुर्गेश थापा | तिमी फुल हौ काली | -12C |
| ४.बिमल अधिकारी | मर्ने मिति | -12D |
| ५.बुद्धबिर थापा | कति माया गर्छु | -12E |

### सर्वोत्कृष्ट लोकदोहोरी नायिका (अभिनय)

| | | |
|---|---|---|
| १.रन्जिता गुरूङ | रूनु पर्यो धेरै | -13A |
| २.अन्जु निरौला | बादलुले जुन छेकेजस्तै | -13B |
| ३.सारिका केसी | मर्ने मिति | -13C |
| ४.मंजिता केसी | बाच्छु मर्दिन | -13D |
| ५.आशा खड्का | नलाउ झुटो पिरती | -13E |

### सर्वोत्कृष्ट लोकदोहोरी नायक (नृत्य)

| | | |
|---|---|---|
| १.शंकर बिसी | केटि पट्याउने | -14A |
| २.बब्बु थापा | झुम्के फुली | -14B |
| ३.प्रेम थापा | हाँसी हाँसी जिउला | -14C |
| ४.बिक्रम चौहान | रातो गुन्यूचोली | -14D |
| ५.शेरे साउद | खैरो कपाल | -14E |

### सर्वोत्कृष्ट लोकदोहोरी नायिका (नृत्य)

| | | |
|---|---|---|
| १.रश्मी तामाङ् | आज गाउँमा | -15A |
| २.दिपसा बिसी | लालुपाते बामारी | -15B |
| ३.रिना थापा | मादलु तालैमा | -15C |
| ४.करिश्मा ढकाल | राम्रीनि छैन | -15D |
| ५.अन्जली अधिकारी | केटि पट्याउने | -15E |

### सर्वोत्कृष्ट लोकदोहोरी म्यूजिक भिडियो छायांकन

| | | |
|---|---|---|
| १.दुर्गा पौडेल | आज गाउँमा | -16A |
| २.सम्भु चालिसे | फुलको छाँयाले | -16B |
| ३.सुरेस श्रेष्ठ | मर्ने मिति | -16C |
| ४.बाँसु बराल | बादलुले रंग फेरे जस्तै | -16D |
| ५.करण चैसिर | उही खोलिमा पानी | -16E |

### सर्वोत्कृष्ट लोकदोहोरी भिडियो सम्पादन

| | | |
|---|---|---|
| १.सुजन साही | मर्ने मिति | -17A |
| २.बिष्णु शर्मा | मेरो झल्को आएमा | -17B |
| ३.प्रविन भट्ट | आज गाउँमा | -17C |
| ४.मिलन बि.क | मादलु तालैमा | -17D |
| ५.नबिन घर्ती | केटि पट्याउने | -17E |

### सर्वोत्कृष्ट लोकदोहोरी रेकर्डिस्ट

| | | |
|---|---|---|
| १.मान बहादुर बराल | मायाँको पोको | -18A |
| २.रमेश सेन्चुरी | माछा तारेको | -18B |
| ३.समित परियार | मर्ने मिति | -18C |
| ४.मिन राना | उही खोलिमा पानी | -18D |
| ५.गोबिन्द ओली | ट्याक्सी ड्राइभर | -18E |

### सर्वोत्कृष्ट लोकदोहोरी ध्वनि मिश्रण

| | | |
|---|---|---|
| १.कृष्ण पुन | आइ मिस यु | -19A |
| २.खड्क बाजुराली | मर्ने मिति | -19B |
| ३.सन्तोष पौडेल | दुख पाए परदेश आएर | -19C |
| ४.कुमार सानु पुन | आउँन संगै बसम | -19D |
| ५.संजय श्रीपाल | बादलुको घेरो | -19E |

### सर्वोत्कृष्ट लोकदोहोरी संगीत संयोजन

| | | |
|---|---|---|
| १.बिनोद बाजुराली | मर्ने मिति | -20A |
| २.झलक संगीतम | ट्याक्सी ड्राइभर | -20B |
| ३.तारानाथ आचार्य | बल्ल आयो हितैषी | -20C |
| ४.कृष्ण बिक | अमिलो रसैले | -20D |
| ५.केशब बडू | चरी चिरिबिरी | -20E |

### सर्वोत्कृष्ट लोकदोहोरी साँझ गायक

| | | |
|---|---|---|
| १.प्रेम अर्याल | नगरकोट दोहोरी साँझ ,ठमेल | -21A |
| २.अमा घिताल | मान्द्रो दोहोरी साँझ ,पोखरा | -21B |
| ३.दिनेश क्षेत्री | फेवा दोहोरी साँझ ,ठमेल | -21C |
| ४.केशब देबकोटा | दौतरी दोहोरी साँझ ,पोखरा | -21D |
| ५.दिनेश थापा | गण्डकी दोहोरी साँझ ,कमलादी | -21E |

### सर्वोत्कृष्ट लोकदोहोरी साँझ गायिका

| | | |
|---|---|---|
| १.यसोदा केसी | हिमचुली दोहोरी साँझ | -22A |
| २.सरिता खनाल | फेवा दोहोरी साँझ | -22B |
| ३.रन्जिता थापा | ललितपुर दोहोरी साँझ | -22C |
| ४.हेमा राणा | फेवा दोहोरी साँझ | -22D |
| ५.भीमा केसी | नगरकोट दोहोरी साँझ | -22E |

### सर्वोत्कृष्ट लोकदोहोरी बाध्यबाधक

| | | |
|---|---|---|
| १.इश्वरीप्रसाद भुसाल | मादल | -23A |
| २.दिपक थापा मगर | बाँसुरी | -23B |
| ३.कमल कुमार बिक | सारंगी | -23C |
| ४.बिक्रम गुरूङ | मादल | -23D |
| रामु भुजेल | बाँसुरी | -23E |

### सर्वोत्कृष्ट लोकदोहोरी प्रतियोगी गायक

| | | |
|---|---|---|
| १.रबिन लामिछाने | गोरखा | -24A |
| २.प्रकाश पराजुली | स्याङ्जा | -24B |
| ३.चिज कुमार गुरूङ | गोरखा | -24C |
| ४.दिनेश खड्का | बाग्लुङ् | -24D |
| ५.बसन्त बिक | तनहुँ | -24E |

### सर्वोत्कृष्ट लोकदोहोरी प्रतियोगी गायिका

| | | |
|---|---|---|
| १.सान्ता ओली | दाङ | -25A |
| २.चिनु घर्ती | स्याङ्जा | -25B |
| ३.शोभा कार्की | म्याग्दी | -25C |
| ४.कल्पना दाहाल | दोलखा | -25D |
| ५.निरू श्रीस | बाग्लुङ | -25E |

*नोटः भोट गर्नका लागि मोबाइलको म्यासेज बक्समा गएर LDA स्पेस कोड नं. टाइप गरी ३५२२५ पठाउनुपर्नेछ ।*

# कुबेर राईको सोझो बाटो



**म्यूजिकखबर ।** गायक कुबेर राई लामो समयपछि एउटा नयाँ गीतको म्युजिक भिडियो लिएर दर्शक तथा स्रोतामाझ आएका छन् । उनलाई यसरी स्रोतामाझ ल्याउने काम गरेका हुन् संगीतकार पविधन खालिङले । विगत केही वर्षदेखि अमेरिकामा बसोबास गरिरहेका संगीतकार पविधन खालिङ विदेशमा बसेर समेत नेपाली गीत–संगीत सिर्जनामा सक्रिय छन् । विदेशमा रहेर पनि नेपाली सुगम संगीत सिर्जनालाई निरन्तरता दिइरहेका संगीतकार खालिङ यतिबेला नयाँ गीत 'सोझो बाटो" को म्युजिक भिडियोमार्फत दर्शक तथा स्रोतामाझ आएका छन् । यो गीतमा पुराना लोकप्रिय गायक कुबेर राईको स्वर सुन्न सकिन्छ भने स्थापित गीतकार आनन्द अधिकारीले यो गीतका मर्मस्पर्शी शब्दहरू रचना गरेका हुन् ।

ए वान म्युजिसियन स्टुडियोमा रेकर्ड गरिएको यो गीतलाई फनिन्द्र राईले संगीत संयोजन गरेका हुन् । राजेश श्रेष्ठ यो गीतका रेकर्डिष्ट हुन् किशोर थापाले गीतलाई मिक्सिङ गरेका हुन् ।

संगीतकार पविधन खालिङले आफ्नै यूट्युब च्यानलमार्फत साकेला उभौली पर्वको अवसर पारेर यो म्युजिक भिडियो सार्वजनिक गरेका हुन् । अमेरिकाबाट सार्वजनिक गरिएको यो म्युजिक भिडियोमा एक जोडी प्रेमी–प्रेमिकाको पीडालाई चित्रण गरिएको छ । उक्त गीतको म्युजिक भिडियोलाई देवजंग थापाले निर्देशन गरेका हुन् । भिडियोका छायांकार पनि देवजंग नै हुन् । काठमाडौंको टौदह क्षेत्रमा छायांकन गरिएको म्युजिक भिडियोमा रोविन विष्ट र सानु सुब्बा नेम्बाहाङले अभिनय गरेका छन् । भिडियोमा रमिला ग्याङ्मी तथा सिडि विजय अधिकारीको संवाद समेत समेटिएको छ । निर्मला आचार्यले भिडियोका कलाकारलाई सिंगार्ने जिम्मा लिएकी छिन् । टेकेन्द्र शाह यो भिडियोका सम्पादक हुन् ।

'यो गीतको रेकर्डिङदेखि भिडियो निर्माणसम्मको सबै तारतम्य मिलाइ दिनु हुने गायिका आभा मुकारूङप्रति आभारी छु, संगीतकार खालिङले भनेका छन्–'यो गीतको फिमेल भर्सनमा पनि मुकारूङकै स्वर समेटिएको छ ।'

# अलविदा कलाकार विक्रम



कलाकार विक्रम परियारको पार्थिव शरिरलाई कलाकर्मीले गुमाएका छन् । परियारको गत ३१ गते भोट खसालेर घर नजिकै घुम्न निस्किएको समयमा अज्ञात समुहले हत्या गरेको हो ।

तनहुँ स्थायी घर भएका परियार स्थानिय तह निर्वाचनमा मतदानका लागि काठमाडौंबाट तनहुँ गएका थिए । कस्ले र किन उनको हत्या गरे भन्ने बिषयमा अहिले अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

दमौली नगरपालिका १ निर्मलटारमा मोटरसाइकलमा गइरहेको समयमा उनको हत्या भएको थियो । रेडियो नाटकका अलवा चलचित्र 'बधशाला, ताण्डव, फिटकिरी लगायतका' चलचित्रमा अभिनय गरेका छन् ।

नेपाल प्रज्ञाप्रतिष्ठानको डबलीमा उनको पार्थिव शरिरलाई फुलमाला अपर्ण गर्दै कलाकारले अन्तिम श्रद्धान्जली दिएका हुन् । परियारको श्रीमती, १४ बर्षका एक छोरा र ९ बर्षकी छोरी छन् ।




नेपाल माइक्रो कम्पनी प्रा.लि.
टिकट काउन्टर
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

**सल्लाहकार**
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

**प्रकाशक/सम्पादक**
सविता पोखरेल

**प्रधान सम्पादक**
सुमन पण्डित

**निर्देशक**
मिलन मोक्तान

**सम्वाददाता**
राधिका अधिकारी
दिनेश थापा

**व्यवस्थापक**
अविनाश लम्साल

**तस्वीर**
नवीनबाबु गुरुङ
देवराज आचार्य

**कार्यालयः**
पुतलीसडक, काठमाडौं ।
फोनः ०१-४०१०५४५,
musickhabar.com@gmail.com

**मुद्रणः**
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

# सम्पादकीय

## रोयल्टी व्यवस्थापनमा बढ्दो चासो

संगीत उद्योग उद्योग बन्न नसकेको अवस्था छ । चलचित्र क्षेत्रलाई उद्योगको रूपमा हेरिएको छ भने उत्तिकै लगानी भइरहेको संगीत उद्योगले उद्योगको मान्यता पाउने अवस्था भने सिर्जना हुनै सकेको छैन । लगानीका हिसाबले हेर्ने हो भने संगीत उद्योगमा ठूलै लगानी हुने गरेको छ । एउटा एल्बमलाई भिडियोसहित बजारमा ल्याउनका लागि प्रत्येक गीत बराबर ३ लाख न्यूनतम रकम खर्च हुन्छ । संगीत उद्योगमै विभिन्न विधामा हजारौं संगीतकर्मी बाँचिरहेका छन् । वाद्यवादन, गायन, संगीतकार, गीतकार, एरेन्जर, स्टुडियो, रेकर्डिष्ट, मिक्सिङ लगायतका विविध पाटोहरूमा क्रियाशील संगीतकर्मीहरू व्यस्त भइरहेकै अवस्था पनि छ । तर लगानी गर्नेले त्यसको प्रतिफल भने पाउन सकेका छैनन् ।

'संगीतमा लगानी बालुवामा पानी' भन्ने उखान यो क्षेत्रमा चर्चित बनेकै हो । पछिल्लो समय गीतसंगीतको उद्योगलाई रेमिट्यान्सले धानेको भनिन्छ । मुलुक नै रेमिट्यान्सले धानेको बेला संगीत क्षेत्र पनि ठूलो कुरा भएन तर आधारभूत आवश्यकता पूर्ति गर्नकै लागि विदेशिएका मनहरूका भावना गीतका माध्यमले सिर्जित भएर रेमिट्यान्स भित्रिएको भने पक्कै हो । उनीहरू आफ्नो परिश्रमबाट बचेको समय र रूपैयाँलाई गीतसंगीतका माध्यमले खर्च गरिरहेका छन् । मुलुकभित्र रहेका धेरै संगीतकर्मी त्यही रेमिट्यान्समा आश्रित बनिरहेका छन् । गीतसंगीतको यात्रा निरन्तर जारी रहेको छ । सबैलाई व्यस्त बनाइरहेको छ । त्यही रेमिट्यान्सबाटै म्यूजिक भिडियोहरू बन्ने, मोडल बन्न रहर भएकाहरूले लगानी गर्ने परिपाटी पनि लहरै बनेको छ । यसरी दामोदर प्रवृत्ति र रेमिट्यान्सबाट बचिरहेको उद्योगलाई अब भने केही राहत मिल्ने अवस्था सिर्जना भएको छ ।

गीतसंगीतमा लगानी गर्नेहरूका लागि अब रोयल्टीका गतिविधिले केही भए पनि राहत मिल्ला भन्ने अवस्था सिर्जना भएको छ । बौद्धिक सम्पत्तिको हकमा रोयल्टीलाई संकलन गर्ने र बितरण गर्ने काम चुस्त र दुरूस्त रूपमा हुँदै जाने हो भने गीतकार, संगीतकार, प्रस्तोता र प्रोड्युसर मुलुकका राम्रा गाडी चढ्ने र महलमा बस्ने हैसियत राख्ने बन्न सक्छन् । पछिल्लो समय रोयल्टीका विषयमा सरकारी तबरबाट नै सुरूवात गरिदिएपछि केही आशा पलाएको भने पक्कै हो । कुनै पनि गीतसंगीतका प्रयोगकर्ता सार्वजनिक यातायात, दोहोरी साँझ, डिस्को, महोत्सव, कन्सर्ट, रेडियो, टेलिभिजनले व्यापारिक रूपमा प्रयोग गर्दै आएको गीतसंगीतको रोयल्टी अनिवार्य रूपमा तिर्नुपर्ने प्रावधान बनिसकेको छ । अब यसको कार्यान्वयनमा पनि सरकारले बजेट भाषणबाटै चासो देखाएपछि अबको दिन पक्कै पनि खुशीका दिनमा परिणत हुँदै गएको छ । सरकारले अब अनिवार्य रूपमा कर बुझाएजस्तै रोयल्टी बुझाउन पर्ने कुरालाई बजेटमा नै उल्लेख गरेपछि अबका दिन संगीतकर्मीका लागि खुशीको दिन आएको छ । प्रतिलिपि अधिकार हनन् गर्नेहरू अब कानूनी दायरामा आउँदैछन् र स्रष्टाको बौद्धिक सम्पत्तिको दुरूपयोग गर्नेहरूलाई सजायँको भागिदार बनाउँदैछ । यो खुशीको कुरा संगीतकर्मीमा सिर्जना भएको अवस्था छ । तर यसको कार्यान्वयनमा भने केही कठिनाइ आउनु स्वभाविक नै हो । संगीतकर्मीले आफ्नो सिर्जनाको नैतिक र बौद्धिक अधिकार पाएपछि केही राहत भने पक्कै मिल्ने देखिन्छ । यसका लागि सम्पूर्ण संगीतकर्मीहरू एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन ।

# बहु प्रतिभाशाली गायक मास्टर मित्रसेन



टीका भण्डारी








लाहुरे दाईको रेलीमाई फेसनै राम्रो, मलाई खुत्रुक्कै पाऱ्यो जेठान तिम्रो बैनीले, अब त जाउँ कान्छी घर, म त तिम्रो घनश्याम तिमी मेरो राधा पियारी, धानको बाला झुल्यो हजुर देशै रमाईलो, स्वामी नजाउ विदेश फापर रोपौंला, भन गोर्खाली दाजु भाई, चुइँ चुइँ चुइँकिने जुत्ता, छत्रे टोपी ढल्काई, हे कृष्ण बिचित्र, रसरंग भुली गयो, तानसेन कस्तो छ आदि मास्टर मित्रसेनका सांगीतिक कृतिहरू हुन् । उनका यी कृतिहरू सन् १९३५ पछि भारतको हिज मास्टर भ्वाइस, कलकत्ता, र दि स्टार अफ इन्डिया रेकर्ड्समा रेकर्ड भएका हुन् ।

गायक मित्रसेन नेपली संगीतका अद्वीतीय गायक हुन् । बाल्यकालदेखि नै संगीतको क्षेत्रमा हेलिएका उनको जन्म २९ डिसेम्बर १८९५ मा मानबिरसिंह थापा मगर तथा माता राधा थापाको सन्तानकारूपमा भारतको तोतारानी गाउँ, भाग्सु धर्मशालामा जन्म भएको हो । तर कतिपयले उनको जन्म नेपालको पाल्पामा भएको भन्ने गरेको पनि पाइन्छ । उनले ८ कक्षासम्म हिमान्चल प्रदेशमा उर्दु भाषामाध्यम पढेका हुन् । उनले १९१२ देखि १९२० सम्म पैत्रिक विधालाई पछ्याउँदै प्रथम तथा द्वितीय राइफलमा सेवा गरे । उनी एक मात्र त्यस्ता श्रस्टा हुन् जसको भारत तथा दुवै देशमा हुलाक टिकट छापिएको छ । अर्थात् नेपाल भारत दुवै देशबाट सम्मानित व्यक्तित्व हुन् उनी । बाल्यकालदेखिनै गीत संगीत भने पछि हुरूक्कै हुने उनी १७ वर्षको उमेरमा भारतीय पल्टनमा जागिर खान पुगे, जहाँ उनले संगीतप्रतिको गहिरो रूची र रूझानका कारण बेन्ड मास्टरको रूपमा काम गर्ने अवसर पाए । गायक या कुनै एक सर्जककारूपमा मात्र नभई उनीमा बेग्लै खाले ज्ञान, गुण र सीपको स्तर उर्वर अवस्थामा थियो । गीत सङ्गीतलाई संस्कृतिकोरूपमा हुर्काउनु पर्छ भन्ने मान्यतामा थिए उनी । यहि पृथक धारको चिन्तनकाकारण उनी आफ्नो सैनिक बेन्डमा मात्र लोकप्रिय भएनन्, दुनियाँका सामु नेपाली संगीतका एक असल चिन्तक र स्वर शिल्पीकारूपमा स्थापित भए । लोक, आधुनिक, भजन, श्लोक, तथा नाट्य कृतिहरूमा उनको बिशिष्टता थ्यो ।

प्रथम बिश्वयुद्ध हुँदा उनी फ्रान्स पुगे, त्यहाँ संगीतकलालाई थाँती राखेर युद्ध कलामा होमिए । करिव ५ बर्ष युद्धग्रस्त क्षेत्रमै क्रियाशील रहे । यो क्रममा लड्दै हालको ईराकसम्म पुगेका थिए ।। युद्ध हजारौं मानिस मानिस मरेको देखे, कति आफ्नै सहयोद्धाहरू गुमाए, कायरता कहिँ प्रदर्शन गरेनन, न्यायको निम्ति मर्न परोस दुश्मनको सामु झुक्नु नपरोस संकल्प लिएका थिए उनले, त्यसमै अडिग रहेर ज्यानको कुनै प्रवाह नगरी युद्ध क्षेत्रमा ईमान्दारपूर्वक काम गरे । सन् १९२० मा शान्ति सन्धि भएपछि त्यहाँबाट नै उनी भारत पुरानै पल्टनमा फर्किए । बिस १९२६ मा उनकै नेतृत्वमा हिमालयन ट्रीकल्ली कम्पनी स्थापना भएपछि गीत संगीत साहित्यको क्षेत्रमा उनका क्रियाशील पाईलाहरू अघि बढेका पाइन्छन् ।

असल मानिस जहाँ पनि अरूको टार्गेट बन्छ, कसैको शिकार बन्न पुग्छ भनेझैं मित्रसेन सैनिक जीवनमा सबैको हाई हाई भएता पनि उनी तत्कालिन अंग्रेजहरूको आँखाको कसिङ्गर बन्न पुगे । सेनामा चेतनाका कुरा गर्ने, चेतनाका गीतहरू रचना गर्ने, गाउने त्यस्तै गीतहरूबाट अरूलाई प्रभावित तुल्याउने कार्य सबैको लागि रूचिकर भए तापनि अंग्रेजहरूका लागि अरूचिकर रह्यो । लामो समयसम्म सेनामा यहि कारण रहन सकेनन् उनी त्यसपछिका जीवनमा न्यु कन्फ्रेण्ड थिएटर कम्पनीमा निकै दुःख कष्ट सहँदै ३ वर्ष काम गरे । उनको मनमा नेपाली समाजको सेवा, नेपाली कला संस्कृतिको उत्थान गर्ने बिषयहरू झनै गहिरिंदै गएका थिए ।

जुन बिषयलाई जबर्जस्त दबाउन खोजिन्छ त्यसले स्थान र प्रभाव बढाउन खोज्नु स्वाभाविक पनि थ्यो । सुबिदार मेजर बहादुरसिंह बरालसंगको भेट उनको जीवनमा कोशे ढुँगा नै सावित हुन्छ । यी दुईको विचार र भावना मिल्दो थ्यो । दुवै नेपाली समाजको सुधारकका रूपमा स्थापित हुन चाहने व्यक्तित्व थिए । दुवै मिलेर बिस १९७९ मा गोरखा समाज सुधार नामक संस्था खोले । नेपाली जनजीवनको सुधार नेपाली भाषा संस्कृतिको प्रचार यस संस्थाको एक मात्र उदेश्य थियो । नेपाली सिपाहीहरूलाई भाँड्न खोजेको आरोप लागेर सेनाबाट हटाईएका उनको मनमा एक किसिमको विद्रोही भावना समेत सल्बलाई रहेको थ्यो । त्यो भावनालाइ उनले सिर्जनात्मक तहमा उराले ।

देहरादुन आईपुगेर उनले भजन, मण्डली, किर्तन आदिको माध्यमबाट समेत नेपाली गीत संगीतको प्रचारमा आफुलाई अझ सरिक गराउन थाले । त्यहाँ उनले ईश्वर भक्ति नामक नाटक मन्चन गरि स्थानिय सिनेमा घरमा प्रदर्शन गरे । यसका साथै गाउँ-गाउँ र टोल-टोलमा सांस्कृतिक चेतना विस्तारमा लागि परे । त्यहि गोर्खा सुधार संघको स्थापना भयो, केहि आर्थिक संकलन पनि भयो । यहि समय सबैको साथ सहयोग र सदभाव संगालेर हिन्दुस्तान रेकर्ड कम्पनिबाट उनले केहि गीतहरू रेकर्ड गराउने अवसर प्राप्त गरे ।

त्यसबेला चेतनाको कुरा गर्नु सामान्य थिएन । थुप्रै किसिमका व्यवधानहरू खेप्नु पऱ्यो उनले । अपमान र कतिपय ठाउँमा तिरस्कारका बाणीहरू समेत सुन्नु पऱ्यो । तर उनि विचलित भएनन् बरू झन् झन् संगठित हुँदै गए झन् झन् सुसंगीत बन्दै गए । संगीत कर्मलाई गहिरो ढंगले उजिल्याउँदै गए । बहादुरसिंह बरालकै साथ सहयोग र सहयात्रामा उनी सिक्किम, दार्जिलिङ्, सिलाङ्, आसामसम्म पुगे त्यसबेला नेपाली कला संगीत कै प्रचारका लागि । यहि लम्बे यात्राका क्रममा पाल्पा हुँदै उनी काठमाडौं आइपुग्छन । उनको पहिलेदेखि चर्चा सुन्दै आएका प्रधानमन्त्री जुद्दसमशेरलाई दरवारमा पुगेर गीत सुनाउँछन्, ७ महिना जति काठमाडौं मै बित्छ उनको । यहि क्रममा बहादुरसिंह, मित्रसेन र मास्टर रत्नदास प्रकाशको भेट हुन्छ । केहि महिनासंगै कार्यक्रमहरू गर्छन् । उनीहरू बिस १९९३ मा पुनः धर्मशाला नै फर्किन्छन् । उत्तर प्रदेश, बङ्गाल, आसाम, पाल्पा, काठमाडौं, राणा दरवार हुँदै पुन पश्चिमाञ्चलको बाटो भई पुरानै गन्तब्य धर्मशाला भारत पुग्दा यिनको सांगीतिक यात्राले पनि निकै मजाले पखेटा फिजाउँछ, लोकप्रियता निकै मजाले उकालो लाग्छ, शुभचिन्तक र शुभेच्छुकहरू प्रशस्त जन्माउँछ । मित्रसेन सन् १९३६ मा पुनः नेपाल आउँदा नेपाली साहित्यिक आकाशका चम्किला नक्षत्रहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, जनार्दनसम लगायतसँगको भेटले उनको जीवनमा नयाँ पन ल्याउँछ ।

मित्रसेनका लघु नाटकहरू कृष्ण सुदामा, स्वस्थानी कथा, बालक ध्रुव, द्रौपदी चिरहरण आदि चर्चित छन् । यसैगरी बुद्ध, तिर्थ यात्रा, धर्मछोरा, प्रेमा भगवान, तिन कुरा, तिन योगी, महाभारतको प्रल्हाद, परशुराम लक्ष्मण सम्वाद, भक्त प्रल्हाद (७०२ लाइनको), चन्द्र हँस (११२० लाइनको), वीर अभिमन्यू (११२० लाइनको), मित्रको डाइरी आदि कृतिहरू लेखेका छन् भने महिला उत्थान र विकासका लागि एकादशी ब्रत कथा (१४२ लाइनको), सत्यनारायण कथा, (२४५ लाइनको), भित्वमगल (१७६० लाइनको), शान्त सुखभी ( ३३० लाइनको ), साहित्यिक कृतिहरू नेपाली समाजलाई दिए । त्यस बेलै उनका २४ वटा गीतहरू कलकत्तामा ग्रमोफ़ोन डिक्स रेकर्ड भएको पाइन्छ । तीमध्ये केहि गीतहरू रेडियो नेपालमा पनि पाइछन । बि.स. २००३ सालमा उनी खासगरी सबै संगीत र नाट्यप्रेमीहरूलाई शोकाकुल तुल्याउँदै नेपाली कला आकासबाट भौतिकरूपमा सदाका लागि ओझेल परे । बिस. १९५४ मा जन्मिएर बिस. २००३ सालमा निधन भएका उनी कुल ४९ वर्षको छोटो उमेरमै नै नेपाली संगीतमा गहिरो छाप, प्रभाव, मानक र मूल्य सहितको गौरवमय प्रतिष्ठा स्थापित गर्न सफल रहे । अहिले पनि उनी जन्मिएको भारतको तोतारानी भाग्सु धर्मशालामा उनको नाममा म्युजियम रहेको छ, जसलाई मित्रको झुप्रो नामकरण गरिएको छ, जहाँ उनका पाण्डुलिपिहरू, उनले त्यसबेला स्टेजमा प्रयोग गरेका बस्त्र, आभूषण, उनले प्राप्त गरेका पदकहरू लगायत उनले जीवनमा प्रयोग गरेका महत्वपूर्ण वस्तुहरू सुरक्षित राखिएको छ । उनले बजाएको हार्मोनियम पनि त्यहाँ देख्न सकिन्छ ।

मित्रसेन नेपाली संगीतका कुनै एक गायक या सर्जक मात्र नभई सिंगो नेपाली समाजलाई परिवर्तन गर्ने, कला संगीतको माद्यमबाट नेपाली समाज रूपान्तरणमा योगदान पुऱ्याउने बहु प्रतिभाशाली श्रष्टा हुन् । उनी लोक संगीतका प्रवर्तक, गायक, स्टेज प्रस्तोता, संकलक, निर्देशक, नाटककार र संगीत अद्येता समेत हुन् । मुलत उनी नेपाली संस्कृतिकर्मी हुन् । नेपाली साहित्यको विकासमा उनले पुऱ्याएको योगदान पनि उत्तिकै उल्लेखनीय छ, यस मानेमा उनी नेपाली साहित्यका प्रवर्तक पनि हुन् । उनले प्रथम विश्व युद्धमा आफ्नो बटालियनको तर्फबाट जुन भूमिका खेले त्यसबाट उनको मातृत्व, साहसिक कर्मशीलता, बहादुरी उदबोधन हुन्छ । अंग्रेजहरूले उनको चेतनशील यात्रा अर्थात् जागरणमुखी कार्यको तेजोबध गर्न अनेक उपाय रच्दा पनि उनी नथाक्नु, उनलाई अपमान गर्ने, तिरस्कार गर्नेहरू उपर आक्रमक नभई सिर्जनात्मक जवाफ दिनु, आफ्नो सांस्कृतिक यात्राबाट सदा अविचलित रहनुले पनि उनको दुरदृष्टि, विधागत गहनता र महत्ता प्रष्टिन्छ । उनीद्वारा नेपाली भाषामा लेखिएका नाटकहरू सत्यवादी राजा हरिश्चन्द्र (आठौं भाग), सत्यवान सावित्री, त्यस्तै हिन्दी र उर्दूमा लेखिएका बादशाह टावर, दर्दे जिगर, नुर कि पुत्ली, मशुर कि हुर, आदि कृतिहरूले उनको भाषिक विद्वता छर्लंग हुन्छ, कलाको दायरा कति फराकिलो थियो भन्ने कुरा पनि यसबाट सहजरूपमा नाप्न सकिन्छ । उनका गीत लोक, आधुनिक, व्यंग्य आदि भईकन पनि खास सन्देशयुक्त पनि लाग्छन । त्यसो त उनि निकै राम्रा लेखक पनि हुन् । सन् १९३३ देखि १९३५ को बिचमा उनले जुन नेपालको सांगीतिक भ्रमण गरे त्यसताका महाकवि लक्ष्मीप्रसाद देवकोटा, जनार्दन सम, मेलवादेवी, मास्टर रत्नदास प्रकास जस्ता दिग्गजहरूलाई समेत आफ्नो कलाको प्रभावमा पार्न सक्नुले पनि उनको गायन कला, संगीत, लेखन, स्टेज प्रस्तुति, आदिको माध्यमबाट निर्माण गरेको संस्कृतिको विरासतलाई अझ नजिकबाट बुझ्न र मनन् गर्न सहयोग पुग्दछ ।

*लेखकः वरिष्ठ गायक, संगीतकार एवं रेडियो नेपालका उपनिर्देशक हुनुहुन्छ ।*

# सारङ्गीको धूनमा "रिङ्केबुङ्को राँगो"

सुमन पण्डित

रिङ्केबुङ्को राँगालाई चुङ्केबुङ्को चुलेसीले
ताप्लेजुङ्मा ताकेर कालेबुङ्मा काटेर,
अरूण तमोर तरौंला तिते फापर छरौंला
फूल लाउँला केशरी खाउँला बेसरी

मधेशको मैनाचरी लेकै हुने लाँचे
मनभरि पिर लिइ बगर बगर नाचें
आधा माया फुर्मासी हो आधा माया साचें
त्यही मायालाई ठेगान लाउन आजसम्म बाँचें
रिङ्केबुङ्को....

सारङ्गीको स्वरै सानो तुङ्वाङ बज्यो मादल
मर्चुङ्गामा मुस्किल पऱ्यो विनायोको बेहाल
चोलियाको चोलै उठ्यो फरियाको के हाल
दौरा भयो स्वर्गबासी नर्क जाने सुरूवाल
रिङ्केबुङ्को...

माथिका गीतका पंक्तिहरू कुनैबेलाको चर्चित गीत हो। जुन गीत पूर्वीअञ्चलदेखि भारतको नेपालीभाषीहरूमा पनि उत्तिकै चर्चित बन्यो र बनिरहेको पनि छ। सुरेश गन्धर्व गाउँ गाउँ सारङ्गीका माध्यमले गीत सुनाउँदै हिंड्थे, गीतबाट समाचार घर घर पुऱ्याउँथे। भोजपुर जराटार गाविस वडा नं ४ मा २०१२ सालमा जन्मिएका सुरेश ८ /९ वर्षको उमेरदेखि नै गीत गाउँदै हिंड्ने गर्थे। गन्धर्वहरूले गाउने कर्खा गीत अर्थात् घटनामा आधारित गीत गाउँदै हिंड्दा हिंड्दै उनी दार्जिलिङको खर्साङमा ०३५/३६ सालतिर पुगेका थिए। सोही समयमा खर्साङमा सिके श्रेष्ठसँग भेट भयो र उनकै रचना 'रिङ्केबुङ्को राँगोलाई' तपाईं गाउनुस् रेडियो नेपालसम्म पुऱ्याउनुस् भनेर दिनुभयो, गन्धर्वले बताए। दार्जिलिङको खर्साङ रेडियोमा पहिलोपटक रेकर्ड भएको थियो। करिब पाँचदशकअगाडिदेखि गीतसंगीतमा लागेका गायक सुरेश गन्धर्वले एक दर्जनजति गीत रेडियो नेपालमा रेकर्ड भएका छन् भने खर्साङ रेडियो र गान्तोक रेडियोमा गरेर २५/३० वटा गीत रेकर्ड भएका छन्। गान्तोक रेडियोमा करिब दश वर्षसम्म बसेको अनुभव छ उनीसँग।

सानैदेखिको रूचि गीत गाउने र सारङ्गी बजाउने नै थियो। सारङ्गीको तारसँगै बालाजीवन बिताएका गायक गन्धर्वले खर्साङ रेडियोमा 'रिङ्केबुङ्को राँगोलाई' बोलको गीत रेकर्ड गरेपछि पूर्वतर्फ निकै चर्चा पायो गीतले। उनी तत्कालिन समय सम्झिन्छन् – 'कहिलेकाहीँ सारङ्गी बोकेर बाहिर निस्कँदा गाउँलेले 'रिङ्केबुङ्को राँगो' आयो भनेर भन्ने गर्थे।' गीतसंगीत भनेको मान्छेको जीवनमा नभइ नहुने रहेछ, कतिले मन पराउनुहुन्छ, कतिले पराउनु हुन्न होला तर कहिं न कहिं गीत सुनिरहेकै हुन्छन्।

निम्न पारिवारिक अवस्था रहेको गायक गन्धर्वको आर्थिक अवस्था निकै कष्ठकर थियो। सारङ्गीकै तारसँग खेल्न थालेपछि घुम्दै दार्जिलिङ पुगेका गन्धर्वको संगीतकार शान्ति ठटालसँग भेट भयो। शान्ति ठटालले उनको प्रतिभालाई देखेर एकै दिनमा खर्साङ रेडियोमा लगेर ५/६ वटा गीत रेकर्ड गरादिइन्।

२०५२ सालमा रेडियो नेपालबाट स्वर परीक्षा पास गरेका गायक गन्धर्वले काठमाडौंको बसाईलाई भने छोट्याउनु पर्ने भयो र पुनः गाउँ फर्के। २०५३ सालमा रेडियो नेपालमा 'रिङ्केबुङ्को राँगोलाई' रेकर्ड गराएका उनले करिब एक दर्जन गीत रेकर्ड गरेपछि भोजपुर नै फर्किए र आफ्नो सारङ्गीको तारसँग जीवनका धून निकालिरहे। त्यसपछि आफ्नो बसाइलाई धरानमा

रेडियो नेपालले उनलाई कुनैपनि स्थानमा वाद्यवादन वा गायकको स्थानमा राख्न सकेन। सिट छैन भनेर उनको कोशिसलाई वास्ता गरिएन। कहिलेकाहीँ उनीभित्र गायक हुनुमा पश्चाताप हुन्छ अनि मन सम्हालेर गायक हुनुमै गर्वानुभूति भइरहेको महसुस हुन्छ। खाडी मुलुकमै गएको भए पनि घडेरी र झुपडी त निर्माण हुन्थ्यो होला भन्ने उनीभित्र भावनाहरु युद्ध गरिहेका हुन्छन् तर उमेरले डाँडा काटेपछि सबै सपनाहरु उजाड बनेका छन्।

झारेको पनि २०-२५ वर्ष भइसकेको छ तर आर्थिक अवस्था भने दयनीय नै बनेको छ। धरान झरे पनि घरजग्गा जोड्ने सपना सपनामै सीमित रहेको छ गायक गन्धर्वको। ३ भाइ छोरा पाँच बहिनी छोरीका बाबु हुन् गन्धर्व। दुई बहिनी छोरी भने पोहोर असारमा १५ दिनको फरकमा मृत्युवरण गर्न पुगे, त्यसले उनलाई पिरोलीरहेको छ। ४१ वर्षकी जेठी छोरी र ३८ वर्षकी साइली छोरीको निधनले उनीमाथि चोट थप्यो।

उमेरले ६२ वसन्त पार गरिसक्यो तर गायनको माध्यमले चिनायो नाम दियो तर भौतिक रूपमा भने सन्तुष्टि दिन सकेन। अहिलेसम्म घडेरीसम्म जोड्न नसकेको उनको दैनिकी आजभोली धरानमा सुँङ्गुरपालन र बाख्रापालनमा बितेको छ। श्रीमतीले उनलाई साथ दिइरहेकी छिन्। कान्छो छोरा होटलमा काम गर्छन् भने जेठो छोरा काठमाडौंतिरै बसोबास गरिरहेका छन्। उनकी बुहारी बर्त गन्धर्व भने नेपालको पहिलो महिला सारङ्गीवादक हुन्। बुहारी देश विदेशमा सारङ्गीकै माध्यमले घुम्ने सौभाग्य पाएकी छन्। नेपाल म्यूजिकमा संगीत प्रशिक्षको रूपमा रहँदै आएकी वर्त गन्धर्व देश विदेशको कार्यक्रमहरूमा व्यस्त हुन्छिन्।

उनको मनमा सरकारले केही गरिदिए हुन्थ्यो भन्ने त लाग्छ तर कहाँबाट के हुन्छ भन्ने केही थाहा छैन। उनको जिन्दगी पूर्वकै घरदैलो, कार्यक्रमहरूमा बितिरहेको छ। केही सांगीतिक कार्यक्रमहरूमा प्रस्तुतिका लागि अवसर मिल्ने गर्छ। अम्बर गुरूङले प्रज्ञा प्रतिष्ठानमा बोलाएर दिएको सम्मान उनको लागि निकै यादगार बनेको छ पोखरामा पनि सम्मान मिलेको थियो। त्यस्तै इटहरी धरान आसपासमा भने उनलाई राम्रो सम्मान मिलेको छ। बासुदेव मुनाल, पाण्डव सुनुवार, जेबी टुहुरे, शम्भु राई जस्ता उनका समकालिन को कहाँ र कुन स्थानमा छन् तर उनी भने धरानकै शहरमा रमाइरहेका छन्। रेडियो नेपालले उनलाई कुनैपनि स्थानमा वाद्यवादन वा गायकको स्थानमा राख्न सकेन। सिट छैन भनेर उनको कोशिसलाई वास्ता गरिएन। कहिलेकाहीँ उनीभित्र गायक हुनुमा पश्चाताप हुन्छ अनि मन सम्हालेर गायक हुनुमै गर्वानुभूति भइरहेको महसुस हुन्छ। खाडी मुलुकमै गएको भए पनि घडेरी र झुपडी त निर्माण हुन्थ्यो होला भन्ने उनीभित्र भावनाहरू युद्ध गरिहेका हुन्छन् तर उमेरले डाँडा काटेपछि सबै सपनाहरू उजाड बनेका छन्।

इटहरीमा भर्खरै प्रस्तोता समाज नेपाल र संगीत उत्पादक समाज नेपालले गायक गन्धर्वलाई सम्मान गरिरहँदाको अवसरमा उनीसँग भलाकुसारी गर्ने मौका मिलेको थियो। उनको खुशीभित्र केही प्रश्न गर्दै गर्दा गायक तुलसी पराजुलीलाई हृदयदेखि धन्यवाद दिइरहेका थिए उनी। उहाँको घरको आँगनीमा म धेरैचोटी पुगेको छु, मलाई सम्मान गर्नुभएकोमा धेरै खुशी छु, गायक गन्धर्वले भने – 'यो पूर्वकै लागि सम्मान मिलेको अनुभूति भएको छ।'



तस्वीरः प्रेम थापा

# लेखनसँगै मोडलिङमा रमेश



गीतिलेखनको क्षेत्रमा चर्चित नाम हो रमेश बिजी। गीतकारको परिचयले ख्याति कमाएका उनी लोकगीतको क्षेत्रमा मौलिक भाका पनि निर्माण गर्ने सर्जक हुन्। मौलिक लोकसंगीतको निर्माणमा निरन्तर सक्रिय रहेका बीजी अभिनयमा पनि कहिले काहीँ देखिने गर्छन्। चलचित्र होस् या म्यूजिक भिडियो उनको अभिनय कहिलेकाहीँ देख्न पाइने गर्छ। पछिल्लो समय उनी आधुनिक गीत लेखनमा पनि सक्रिय छन्। हुरीमा दियो' उनको पछिल्लो समयको चर्चित आधुनिक गीत हो भने भर्खरै मात्रै उनको लोकदोहोरी गीत 'फूल फुल्यो जाइसरा' बजारमा आएको छ। जसमा उनको शब्द, भाका र अभिनय हेर्न पाइन्छ।

उनले अभिनय गरेको भिडियोको कथावस्तु अनुसार कैयौं नेपालीहरू बाध्यतावश पल्टने जीनन बिताउन विवश रहेका छन्। गीतकार रमेश पनि लाहुरे बनेर प्रबासमा धेरै बर्ष बिताएर भर्खरै नेपाल फर्किएका हुन्छन् तर नेपाल फर्किए पछी आफ्नी पुरानो मायालुले अर्कैको सिन्दुर सिउँदोमा भरेको देख्दा आश्चर्य चकित हुन्छन्। निकै मर्मस्पसी यस भिडियोमा गीतकार रमेश बि.जी. लाई अन्जली अधिकारीले अभिनयमा साथ दिएकी छिन्। प्रस्तुत म्युजिक भिडियोलाई निर्देशन शंकर बि.सी. ले गरेका हुन् भने छायांकन राजेश घिमिरे र सम्पादन नबिन घर्तिमगरले गरेका हुन्। गीतकार रमेश द्वारा अभिनित गीत बिन्ध्यबासिनी म्युजिक प्रालिले 'फुल फुल्यो जाईसरा' नाममा बजारमा ल्याएको हो। यो गीत गणेश राना र सरू थापाको प्रस्तुतिमा रहेको छ यस गीतमा गणेश राना र सरू थापाको सुमधुर स्वर सुन्न सकिन्छ भने लय शब्द रमेशको नै रहेको छ।


## प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ।

प्रस्तोता समाज नेपाल
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोनः ०१-४२४५७४२
इमेलः performersnepal@hotmail.com
वेभः www.performersnepal.org.np

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

# “म मरि मरि कलाकार भएको मान्छे”

राधिका अधिकारी/म्यूजिकखबर

अहिलेका चर्चित तथा लोकप्रिय गायक पशुपति शर्माका पिताको उनलाई डाक्टर बनाउँने सपना थियो । तर, उनको आफ्नै सपना भने गायक बन्ने थियो। परिवारको इच्छाा विपरित उनी गायनमा लागे। पछिल्लो समय धेरैको मन मुटुमा बसेका गायक हुन पशुपति शर्मा। उनका बाबुको छोरालाई डाक्टर साब भनेर सम्बोधन गर्ने सपना कुल्टेर आफ्नो सपनाको बाटोमा डोरीएका शर्मा आफैले बनाएको सम्बोधनमा आज धेरैको सपना बनेका छन्। उनको गायन, व्यस्तता र लोकप्रियता देखेर उनकै बाटोमा हिड्न चाहने अनुज पुस्ता ठुलो संख्यामा छन्।

## पशुपति शर्माको उत्ताउलो बाल्यकाल

२०४० साल कार्तिक १४ गते स्याङ्जाको पुतली बजारमा जन्मिएका पशुपति शर्माको बाल्यकाल पुतली जस्तै गाउँछु रमाएर बित्यो। स्कुल तहको पढाई स्याङ्जाको पुतली बजारमै बिताएका उनी सानामा साह्रै चञ्चले थिए । ३ दिदी तथा १ दाजुका कान्छा भाइउनी सबैको माया पाएर होला अलि बढि उड्फट्याङ गर्थे । आज पुराना दिन सम्झिदा उनलाई कलाकार हुन सानैबाट चञ्चले हुनुपर्दो रहेछ जस्तो लाग्छ।

गाउँको जीवनशैली घरमा कहिलेकहि आटोढिडो पनि पाक्थ्यो। त्यो दिन आमाले अन्तिममा भात खाएर बाहिर चुठ्न निस्कनु पर्छ है भन्नु हुन्थ्यो। तर, उनी ढिडोको ढल्लै हातमा लिएर खाँदै बाहिर निस्कन्थे । खाको पनि लुकाएर हुन्छ, देखाएर खानुपर्छ भन्ने उड्फट्याङ् स्वभावका कारण उनी त्यसरी बाहिर आएको आज पनि सम्झिन्छन्। खेतमा काम गर्न आउँने खेतालाई पनि उनी हसाए काम गर्नै नसक्ने बनाउँथे। उनकी आमाले हरेक सिजनका खेताला लगाउँने बेलामा ‘बरू तँ काम नगर कान्छा खेताला नबोला है’ भन्नु हुन्थ्यो । तर, आमाले भनेर उनलाई कहाँ लाग्थ्यो र उनी खेतमा उड्फट्याङ् गरेरै छाडेथे।

सानामा उनले आफ्ना बाबु आमालाई खुब सताएका छन्। गाली त कसैले गर्नै हुदैनथ्यो, उनी झन धेरै निहुँ खोज्थे उनलाई जति गल्ती गरेपनि फकाउँनु पर्थ्यो। अहिले उनको यो सम्पूर्ण गुण उनकी छोरीमा सकेको छ। स्कुलका सधै प्रथम हुन्थे तर उनी स्कुल जान खुब अल्छि थिए । उनले स्कुल नजानका लागि घाँसको डोको फाल्नेलगायतका विभिन्न उड्फट्याङ् गरेका छन् । आमाले अनुशाशित हुनुपर्छ छोरा भनेर सिकाएको कुरा उनी स्कुलमा चाहिँ सधैं सम्झन्थे । स्कुलमा राम्रा विद्यार्थी थिए।

## गायनका सुरुवाती संघर्ष

गायनमा लाग्दाका सुरूवाती दिनमा उनलाई गायनमा संघर्ष गर्न निक्कै गाह्रो भयो । उनलाई परिवारको गायनमा सपोर्ट थिएन । हुन त गायनका सुरूवाती दिनमा उनी परिवारलाई नभनि लुकीछिपि गायनमा हिड्थे । कुनै समय यस्तो थियो उनी कजेलमा काम छ भनेर घरबाट निस्कन्थे र विभिन्न कार्यक्रममा गीत गाउँन पुग्थे। त्यहि समय हो उनका पिताले उनलाई गाउँदा गाउँदै स्टेजमा भेटेका थिए। त्यो दिन उनी प्रथम प्रथम भए, तर, प्रथम भएको खुशीभन्दा उनी घरमा झन कडाईमा परेका थिए। त्यो समय उनलाई आमा र दाइले विशेष गाली गर्नु भएको थियो।

पशुपति जुन समय गायनमा आएका थिए । उनलाई गायनमा सहयोग गर्ने उनले चिनेका कोहि थिएनन्। त्यसोत उनी आफैमा पनि कुनैपनि किसिमको सांगीतिक ज्ञान थिएन। राजधानी बसाइका २ वर्षपछि दोहोरी साँझमा गाउँन थालेका पशुपतिलाई पहिलो एल्वम निकाल्ने बेलामा उनका अग्रजहरूले उनलाई एल्वम ननिकाल्न सुझाव दिएका थिए। तिमीले गाउँने होइन, तिमीले गाएर हुँदैन भन्दाभन्दै पनि जर्वजस्त गायनमा लागे। थुप्रै पटक राष्ट्रिय लोकगायनमा प्रथम बनेका उनलाई गायनका सुरूवाती दिन सम्झदा आज कसरी त्यति धेरै सघर्ष गरें हुँला भन्ने लाग्छ। आफू पटक पटक मरेर कलाकार बनेको बताउँने उनले गायनमा सबैको माया पाएकाले पनि ति सबै संघर्षलाई बिर्सिएका छन्।

## राजधानीमा नवदुलही जस्तै भएँ

एसएलसीको पढाई सकेर शर्मा राजधानी पस्दा १६ वर्षका थिए। एसएलसी पछि दाजुको सटको फेरो समातेर राजधानी पसेका शर्माका सुरूका २ वर्ष दाजुको सेवामै बित्यो।त्यसबेला उनका दाजु डाक्टरी पढ्दै थिए। उनलाई त्यो समय उनका पिताको‘दाइ डाक्टर पढ्ने मान्छे, उस्ले धेरै पढ्नु पर्छ दाजुको लुगा धुने, भात पकाउँने काम तैले गरेस है’ भनेर फोन आउँथ्यो। उनी १६ वर्षका हुँदा उनका दाजु १८ वर्षका थिए। उनले उनका दाजुलाई तँ विहान भात पका म बेलुका पकाउँछु भन्न सक्थे तर, उनले त्योसो गरेनन्। दाजुको २ वर्ष पूर्ण रूपमा सेवा गरे। उनी राजधानी बसाईका २ वर्ष घरमा भित्रिएकी नव दुलही जस्तै भएर बसे। उनले उनका पिताको आग्रहलाई कहिल्यै काटेनन् । र पनि उनीहरू दाजु भाइको सम्बन्ध कहिल्यै आत्मय भएन। दाजुसँग सधै औपचारिक कुरा हुन्थे। आज पनि दाजुभाइको भेट हुँदा धेरै खुलेर कुराकानी हुँदैन । उनका दाजु अहिले डाक्टर बनिसकेका छन् । र पनि राजधानी बसाइका ति दिनको सम्झनाले उनीपनि कुरा गर्दैनन्, उनका दाजुले पनि कुरा निकाल्दैनन्। दाजुले मनमा चाँहि सम्झिका होलान भन्ने लाग्छ उनलाई।

उनलाई सधैं दाजुका लुगा धुन, खाना खाजा बनाउँन गाह्रो नलाग्ने चाँहि होइन। त्यसैले त उनी हरेक पल्ट घरबाट निस्कनेबेलामा अन्मिएकी छोरी जस्तै रूदै निस्कन्थे। उनी जीवनमा थुप्रै पटक रोएका छन् । उनलाई अहिले पनि उनीजस्तो रून्चे मान्छे अरू छ जस्तो लाग्दैन्। आफ्ना दु:खमा भन्दा अरूमा दु:ख देखेर धेरै रूने पशुपति पछिल्ला केहि वर्ष यता पहिलेको तुलनामा रून छाडेका छन्।

## गायक बन्नकै लागि अन्धो

पशुपति शर्मा जीवनका रंगीन सपना फुलाउँने बेलामा पनि गायनमा अन्धो भएर लागे । किशोर वयको सुरूवात दोहोरी साँझमा पुगेका उनको संगत अग्रज गायिकाहरूसँग भयो। केटीप्रति आकर्षित हुने मुटु बोकेर पनि विवाहअघि अल्झिन पाएनन्। त्यसोत उनी गायनमा जुन स्थान बनाएका स्थान बनाउँला भनेर गायनमा लागे थिएनन् । एउटा गीत रेकर्ड गर्ने र गायकको सूचीमा आफ्नो नाम लेखाउँने मात्रै उनको सपना थियो । तर, उनले सुरूमा निकालेको गीतनै सबैको रोजाइमा परेपछि उनले कहिल्यै पछाडि फर्किनु परेन्।

उ न ल`
र माया गर्ने
प` म मा
अ ा ज
त्या े
क ा

उनका दाजु दिदी सबैले बाबुले भने जस्तै गरे। उनी बाबुआमाको सपनाको बाटो लत्याएर गायनमा आएका। उनी घर जाँदा हरेक पल्ट तँ बिग्रिस भन्ने कुरा हुन्थे । उनी आमालाई छोराले गीत गाएकोमा भन्दा छोराले कस्ती केटि बोकेर आउँने हो भन्ने चिन्ता थियो। गाउँमा पनि उनको कुरा काट्ने ठूलै जमात थियो । त्यस हिसावले पनि कलाकारहरू पनि अनुशाशित हुन्छन् है भनेर प्रमाणित गर्नु थियो। सँगै उनलाई पढ्नु पनि थियो। उनले मास्टर पनि गरे र आमा बाबुकै राजाइमा पर्वतकी रेखा शर्मासँग मागी विवाह गरे।

गीत संगीतसंग रेखाको खासै लगाव होइन । तर, उनले जीवन संगीनिबाट चाहिँ गायनमा राम्रो साथ पाए । उनका क्याम्पस पढ्न आउनी पछि सबै गीत उनका विवाह पछि चलेका हुन । त्यसैले पनि उनलाई जीवन संगीनि फपेकी हुन जस्तो लाग्छ। उनी कहिले काहि त महिनामा २ दिनपनि रेखाका लागी छुट्याउन भ्याउँदैनन् । र पनि उनकी जीवनसंगीनिले उनको पेशालाई आत्मसाथ गरिन कहिले गुनासो । गरिनन्। उनले । उनकी श्रमितीसँग सधै साथीको व्यबहार रह्यो । कहिलेकहि साथीसँगी संग जस्तै कहिलेकहि झगडा पनि पर्छ।

## पर्दाको यात्रा

एक समयको कुरा हो उनी गाउँ जाँदा टेलिभिजनमा उनको गीत भजिरहेको थियो । गीतको म्यूजिक भिडियोमा किरण केसी ‘राता मकै’ले अभिनय गरेका थिए। उनले उनका बुवालाई खाना खान बोलाउँदा बुवाले भनेका थिए ‘पख न यहाँ राता मकैले गीत गाउँदै छ, सकेपछि आउँछु’। त्यसपछि उनलाई आफूले गाएको गीतमा आफैले अभिनय गर्नु पर्ने रहेछ भन्ने लागेको थियो । पछि अभिनयमा पनि उनलाई धेरैले रूचाए। त्यसयता आफ्ना प्राय गीतमा उनी आफैले अभिनय गरेका छन्।















सिरिङ नाछिरिङ
मोडल
वर्ष १, अंक १५, २०७४ जेष्ठ १६
www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine
पाक्षिक

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## फिल्मी खबर

### 'तीन महिने श्रीमती'

**म्यूजिकखबर** । गीतकार शंकर अधिकारी घायलको लेखन र निर्देशनमा घायलकै जीवनमा घटेको सत्य घटना रहेको सर्ट मुभी 'तीन महिने



श्रीमती' रिलिज भएकोछ । अहिले सामाजिक सन्जाल फेसबुकलाई माध्यम बनाएर मानिसहरूको नजिक हुने केहि समयसंगै बस्ने अनि घरको सामानहरू लुटेर फरार हुने यहि घटना निर्देशक घायलको जीवनमा घट्न पुग्यो । सोहि सत्य घटनालाई हुबहु प्रस्तुत गरिएको छ उक्त लघु चलचित्रमा ।

तृष्णा खड्का, बिमला गिरी, रश्मी भट्ट र घायलकै मुख्य अभिनय रहेकोछ भने केशव अधिकारी को छायांकन र प्रेम शर्मा पौडेल को सम्पादन रहेको छ ।

### युवाको कथामा लाहुरे

लाहुरे बन्न प्रयासरत एक युवाको जीवनमा आइपर्ने अनेक उतारचढावलाई प्रस्तुत गर्दै दुर्गिश फिल्मस्को ब्यानरमा बन्न लागेको नयाँ फिल्म 'लाउरे'को शुभसाइत गरिएको छ । राजधानीको कमलादीस्थित गणेश मन्दिरमा पूजाआजा गर्दै फिल्मका निर्माता सुनिल रावल, निर्देशक निगम श्रेष्ठसहितको टोलीले शुभसाइत गरेको हो ।

निर्माता सुनिल रावलका अनुसार जेठ २१ देखि



फ्लोरमा जाने फिल्ममा धरानमा ब्रिटिस लाहुरे भिड्ने संघर्ष गरेको एक युवाको कथालाई प्रस्तुत गरेको छ । 'फिल्मले समाजका युवाको वास्तविक कथा देखाउनेछ,'निर्माता रावलले भने,'लाहुरे जान जोकोही युवाको पनि रहर हुन्छ, तर त्यहाँ पुग्नको लागि गरिने संघर्ष कस्तो छ, त्यो फिल्मले देखाउनेछ ।'

फिल्ममा विक्रम सिंह, श्रृष्टी श्रेष्ठ, मिरुना मगर, नरेन लिम्बु, शैलेन्द्र मल्ल, कृषा शाही र विदेशी कलाकार जेनेट मेरी लेटरको पनि अभिनय रहने छ । दुर्गिस थापाको प्रस्तुति रहने फिल्ममा सुनिल रावल, इश्वर श्रेष्ठ, सुभास लामिछाने, भेषमणि श्रेष्ठको लगानी छ । कार्यक्रममा निर्माता सुनिल रावलले चलचित्र पत्रकार संघ, नेपाललाई ५० हजार रूपैंया प्रदान गरेका थिए ।

एकै छातामुनी

-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डबिङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम

शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

# शान्तिप्रियलाई राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान



**म्यूजिकखबर** । चलचित्र पत्रकारिता दिवसको अवसरमा चलचित्र पत्रकार संघ मकवानपुर शाखाले भव्य कार्यक्रमको आयोजना गर्दै सम्मान तथा पुरस्कार प्रदान कार्यक्रम्म सम्पन्न गरेको छ । हेटौडा रिसोर्टमा रात्रि भोज सहित आयोजना गरीएको कार्यक्रममा चलचित्र पत्रकारितामा लामो अनुभव संगालेका तथा संघका निवर्तमान अध्यक्ष शान्तिप्रियलाई राष्ट्रिय चलचित्र पत्रकारिता सम्मानबाट सम्मानित गरिएको हो ।

शाखा अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा चलचित्र विकास बोर्डका सदस्य नरेन्द्र महर्जनको प्रमुख आतिथ्यता रहेको थियो भने चलचित्र संघका अध्यक्ष प्रदीपकुमार उदयको विशिष्ट आथित्यता रहेको थियो । सम्मानित शान्तिप्रियलाई नगद ११ हजार १ सय ११ राशि सहित क्रमस सम्मानपत्र, दोसल्ला र ढाकाटोपी लगाएर सम्मान गरेको थियो ।

यसैगरी पत्रकारिता पुरस्कार २०७४ मार्फत पत्रकार कपिल खड्कालाई पुरस्कृत गरिएको छ भने कलाकारीता सम्मानबाट कलाकार भोलाराज सापकोटालाई सम्मान गरिएको हो । पत्रकार खड्का र कलाकार सापकोटालाई नगद राशी पाच पाच हजार सहित ताम्रपत्र, दोसल्ला र ढाकाटोपी मार्फत पुरस्कृत गरिएको थियो । संघले यसवर्षबाट राष्ट्रिय चलचित्र पत्रकारिता सम्मानलाई थप गरेको हो ।

# लम्साललाई सम्मान, आवाज र पौडेललाई पुरस्कार



**म्यूजिकखबर** । चलचित्र पत्रकार संघ, नेपालले आफ्नो १८औं वार्षिकोत्सवमा 'चलचित्र पत्रकारिता सम्मान र पुरस्कार' प्रदान गरेको छ । जेठ ७ गते राजधानीमा आयोजना गरिएको कार्यक्रममा प्रमुख अतिथिद्वय नेपाल पत्रकार महासंघका अध्यक्ष डाक्टर महेन्द्र विष्ट र वरिष्ठ हाँस्य कलाकार हरिवंश आचार्यले सम्मानित एवं पुरस्कृतलाई सम्मानपत्र, ट्रफी प्रदान गरेका थिए । डा. नवराज लम्साललाई चलचित्र पत्रकारिता सम्मान प्रदान गरिएको थियो । डा. लम्साल दिल्लीमा भएको साउथ एसियन युनिभर्सिटीमा नेपाली साहित्यिक कार्यक्रममा सहभागी हुन दिल्ली पुगेकाले उनकी श्रीमती संगीता लम्सालले सम्मान ग्रहण गरेकी थिइन् ।

यो वर्षको चलचित्र पत्रकारिता पुरस्कारबाट सगरमाथा टेलिभिजनमा कार्यरत रंग पत्रकार पारस पौडेल र अनलाइनखबर डटकममा कार्यरत चलचित्र पत्रकार विजय सुवेदी 'आवाज' लाई पुरस्कृत गरियो ।

पौडेल र सुवेदीलाई सम्मानपत्र, ट्रफी र नगद २१ हजारसहित पुरस्कृत गरिएको हो । पुरस्कार प्राप्त गरेपछि पत्रकार विजय सुवेदीले भने, '१२ वर्षदेखि गरेको मिहिनेतको फल प्राप्त भएको महसुस गर्दै छु ।' कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासंघका अध्यक्ष महेन्द्र विष्टले चलचित्र पत्रकार हरूले नेपाली चलचित्र क्षेत्रको विकासमा टेवा पुऱ्याएको बताए । त्यस्तै प्रमुख अतिथी कलाकार हरिवंश आचार्यले चलचित्र पत्रकारिता पनि डिजिटल युगमा प्रवेश गरेको बताए । कार्यक्रममा, चलचित्र पत्रकार संघका संस्थापक अध्यक्ष भरत शाक्य, पूर्वअध्यक्ष विदुर गिरीले चलचित्र पत्रकारिता अझ परिष्कृत बन्दै गएको बताएका थिए ।

चलचित्र पत्रकार संघ, नेपालले हरेक वर्षको जेठ ७ गते स्थापना दिवसको अवसर पारेर कार्यक्रम गर्दै आइरहेको छ । यस्तै, कार्यक्रममा कलाकार दीपक क्षत्रीको उपचारका लागि चलचित्र पत्रकार संघको पहलमा संकलन भएको नगद ७ लाख ३ हजार ३ सय ३५ रूपैयाँ पनि हस्तान्तरण गरिएको थियो ।

# खुम्बु खोल्च ग्लोबल नेपाली फिल्म अवार्ड हुँदै

**म्यूजिकखबर** । अमेरिकामा हुने दोस्रो खुम्बु खोल्च ग्लोबल नेपाली फिल्म अवार्ड युनिटले अवार्डका उद्धेश्य र योजनाहरू पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय क्षेत्रमा बिस्तार गर्नका लागि नेपाली कलाकर्मीको खुविलाई बिश्वव्यापी बनाउने उद्धेश्यका साथ अमेरिकामा गत वर्षदेखि आयोजना सुरु गरिएको खुम्बु खोल्च ग्लोबल नेपाली फिल्म अवार्डको दोस्रो संकरण पनि अमेरिकामा हुने भएको छ ।

राजधानीमा पत्रकार सम्मेलन गर्दै दोस्रो खुम्बु खोल्च ग्लोबल नेपाली फिल्म अवार्डका संयोजक शैलेश पोखरेलले अवार्डका योजना र उद्धेश्य साथै गत वर्षको अवार्ड समारोहका बारेमा प्रकाश पारेका थिए भने ग्लोबल नेपाली फिल्म अवार्डका अध्यक्ष नवराज श्रेष्ठले प्रवासमा रहेर अवार्ड आयोजना गर्नु चुनौती पूर्ण भए पनि सबैको साथ र सहयोगका कारण निरन्तर यो अवार्ड आयोजना गर्ने हौसला मिलेको बताएका थिए । अर्को पल्ट अस्ट्रेलियामा गर्न कुरा भइरहेको जानकारी दिएका छन् ।

त्यस्तै अवार्ड ब्यबस्थापक अध्यक्ष मधु श्रेष्ठले गत सालको अवार्ड समारोह अत्यन्त सभ्य र भव्य रहेको जानकारी दिँदै यस पटक हुने अवार्डको दोस्रो संस्करणलाई अझ मर्यादित र प्रभावकारी बनाउने तयारी रहेको बताए ।



गत वर्षको खुम्बु खोल्च ग्लोबल नेपाली फिल्म अवार्डमा सहभागी भएर फर्केका कलाकार सुनिल थापा र बसुन्धरा भुसालले अवार्ड समारोहको प्रंशसा गर्दै नेपालदेखि कलाकार लगेर अमेरिकामा यति सौहार्दपूर्ण वातावरणमा कलाकारले कुनै गुनासो गर्नुपर्ने सानो ठाउँसम्म नदिई यति उत्कृष्ट कार्यक्रम गर्न सफल भएको भन्दै अवार्ड आयोजक टिमलाई धन्यवाद र बधाई ज्ञापन गरेका थिए ।

नेपाल फिल्म सोसाईटी नेपालका अध्यक्ष अभिनेता कृष्ण मल्लले ग्लोबल नेपाली फिल्म अवार्ड आगामी वर्षहरूमा पनि निरन्तर आयोजना गरिने जानकारी दिँदै तेस्रो खुम्बु खोल्च ग्लोबल नेपाली फिल्म अवार्डका लागि विभिन्न देशका रहेका विभिन्न व्यक्तिले चासो देखाएको र अवार्डलाई बिश्वव्यापी बनाउँदै अन्तर्राष्ट्रिय चलचित्र भूगोलमा नेपालीको खुविलाई स्थापित गर्ने आफुहरूको उद्धेश्य रहेका बताए । त्यस्तै कलाकार, निर्देशक तथा चलचित्र निर्माता सङ्घ अध्यक्ष आकाश अधिकारी, नेपाल चलचित्र सङ्घ अध्यक्ष प्रदिप कुमार उदय, चलचित्र कलाकार सङ्घ अध्यक्ष राम केशर बोगटी, चलचित्र विकास बोर्ड सदस्य तथा पत्रकार अशोक प्यासी लगायतले पनि अन्तर्राष्ट्रिय बजारमा नेपाली फिल्म अवार्ड आयोजना गर्नु नै अत्यन्त महत्वपूर्ण रहेको र यसले नेपाली कला प्रवद्धनमा प्रत्यक्ष र फराकिलो टेवा पुग्ने बताए ।

अवार्ड प्रायोजक संस्था शेर्पा ब्रअरिका अध्यक्ष लाक्पा शेर्पा पनि गत सालको सफल अवार्ड सम्पन्नताले यो बर्षपनि आफूहरूले खुसीका साथ प्रायोजकका रूपमा सहकार्य गरेको धारणा राखे । पत्रकार सम्मेलनमा नयाँ तथा पुराना कलाकार, चलचित्रसंग सरोकार राख्ने विभिन्न व्यक्तिहरू साथै सञ्चार माध्यमको बाक्लो उपस्थिति रहेको थियो ।

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Fortnightly Magazine पाक्षिक
वर्ष १, अंक १५, २०७४ ज्येष्ठ १६



# म छु भने पनि लोकदोहोरी मर्छु भने पनि लोकदोहोरी भनेर अघि बढ्नुस्



**पी.एन. सापकोटा**
**अध्यक्ष, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल उपत्यका समन्वय समिति**

***समग्रमा लोकदोहोरी अवार्ड कस्तो खालको अवार्ड हो ?***

यो विशुद्ध लोक तथा दोहोरी गीतको क्षेत्रमा क्रियाशील कलाकारहरूको सम्बर्द्धन एवं प्रबर्द्धनका लागि गरिएको अवार्ड हो । सरकारी क्षेत्रबाट लोकदोहोरी कलाकारहरूको पहिचान हुन नसकिरहेको अवस्थामा र लोकदोहोरी कलाकारले म लोकदोहोरी कलाकार हुँ भनेर छाति खोलेर भन्न नसकिरहेको अवस्थामा हामी कलाकार हौं, लोकदोहोरी हाम्रो हो भनेर चिनाउने अवार्ड हो लोकदोहोरी अवार्ड । राज्यले उपेक्षा गरिरहेको बेलामा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान उपत्यका समन्वय समितिले लोकदोहोरी गीतलाई सम्मान गर्दै सम्बर्द्धन र प्रबर्द्धन गरिरहेको छ ।

***पाँचौं वर्षसम्म आइपुग्दा अवार्डका अनुभवहरु कस्ता रहे ?***

अत्यन्त ठूलो महात्वाकांक्षा नहुने हो भने अहिले बाँच्न मात्र चाहिं सकिन्छ । पहिलेको दाँजोमा अहिले केहि सहज नै छ । विश्वभरि नै नेपालीहरू फैलिएर रहनु भएको हुनाले अवश्य पनि नेपाली संगीत बजार पनि फैलिएको छ । नेपाली संगीतको माग विश्वभरि नै भइरहेको छ । जति ठूलो बजार भयो त्यति नै कलाकारलाई फाइदा हुने भएकाले अहिले संगीत क्षेत्रमा समर्पित भएर बाँच्न सकिन्छ । तर महत्वाकांक्षी हुनु भएन । हाइ स्टान्डरको अपेक्षा गर्नुभएन ।

***तपाईंलाई डलरमोहले कहिल्यै पनि छोएन ?***

यो अवार्डको आयोजना हुँदा म सहसचिव थिएँ । अहिले महासचिव हुँदै अध्यक्षसम्म आइपुग्दा पाँचौं अवार्डसम्मको चुनौति एकातिर रह्यो भने लोकदोहोरी गीतको मात्रै पनि अवार्ड आयोजना हुन्छ, लोकदोहोरी कलाकारलाई पनि सम्मान गर्न सकिन्छ भन्ने अनुभवहरू प्राप्त भए । तिता मिठा धेरै अनुभव छन् । हामी कम्प्युटरलाई पनि विश्वास नगर्ने प्राणी हौं, आफूले आफैं मात्र राम्रो र विश्वासयोग्य ठान्छौं, त्यहाँनेरबाट तिक्तता लाग्छ । तर खुशी पनि उत्तिकै लागेको छ, अवार्डको उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक हुँदै गर्दा धेरैले आफ्ना आमा, बाबु, दाजु दिदी सम्झिँदै मनोनयनमा परेको बताइरहेका हुन्छन् । भागदौड धेरै भइरहेका हुन्छन् तर हामी लोकदोहोरीलाई मात्र जिताउन खोजिरहेका छौं । इतिहासले नभेटेको कला, सिर्जना र कलाकारलाई बाहिर ल्याउने प्रयास गरिरहेका छौं । तर अझै खुशी लिन पाएका छैनौं, सायद दशौं वर्षसम्म पुग्दा यसको खुशी साथीहरूले लिन पाउनुहुनेछ । अझै हामी संघर्षको मैदानमै छौं ।

***उत्कृष्ट पाँचको मनोनयन भर्खरै सार्वजनिक हुँदै गर्दा विभिन्न आरोपहरु लागिरहेका छन् नि ?***

हरेक कुराको सकारात्मक र नकारात्मक पाटो हुन्छ । कसैले यही अवार्डमा उत्कृष्ट पाँच भित्र पर्नु अवार्ड पाएसरह हो भनेका छन् भने कसैले अवार्डमा परिएन भनिरहेका छन् । कसैले परे पनि ठिकै नपरे पनि ठिकै भनिरहेका छन् भने कसैले बाहिरबाट राम्रै मूल्यांकन गरिएको रहेछ भनिरहेका छन् । नकारात्मक सोच्नेहरूसँग भन्नु केही छैन, उहाँहरू त आफ्नो आमालाई पनि बाको श्रीमती हो भनेर उत्तर दिनुहुन्छ आमा भन्न चाहनुहुन्न । तर हामी आमालाई आमा नै हो भनिरहेका छौं । म उहाँहरूलाई यही कुरा मात्र भन्छु 'तपाईंले गरेको कर्मको फल एक दिन पक्कै पाउनुहुन्छ । हामी जबरस्त चेन्नइबाट ल्याएको आँपझैं परालमा हालेर औषधी राखेर पकाउनतर्फ लाग्दैनौं ।'

***तपाईंको अवार्डको नियम के हो थाहा छैन तर बजारमा पुराना चर्चामा आइसकेकालाई नवगायक बनाइयो भन्ने हल्ला छ नि ?***

के कुरा नबुझेर यो विवाद गरिएको हो म आफैं चकित परेको छु । हाम्रो फर्मको पछाडि लेखिएको छ 'सम्पूर्ण अवार्डको सर्वाधिकार नै आयोजकमा निहित रहेको छ' । मनोनयन भन्दा अगाडि केर मेट भयो भनेर पनि समाचार बनाइए । प्राविधिक गल्तीलाई सच्याएर नोमिनेशन सार्वजनिक गरियो तर केरमेट गरेको कागज हामीले बाहिर ल्याएनौं र पछि प्रदान गरियो । अवार्ड प्रदान गर्ने बेलामा एउटा र मनोनयनमा एउटा गरेको भए पो गल्ती भयो भन्ने । हाम्रो भाषामा सच्याइएको छ उहाँहरूको भाषामा केरमेट भयो भन्ने छ । सायद आफू नपरेको कुण्ठा पनि हुनसक्छ । कहिलेकाहीँ आफ्नै कुखुराका चल्ला हराउँदा चिल किन आएन भनेर सोच्नुपर्ने हुन्छ ? सिनो भएको ठाउँमा गिद्ध चाँडो आएर सिनो खाओस् भन्ने लाग्छ किनकी सिनोले गन्ध फैलाउन नपाओस् वातावरण सफा बनोस् भन्ने चाहना हुन्छ । हामीले सिङ्गो लोकदोहोरी क्षेत्रको स्तरोन्नती, सम्बर्द्धन, प्रबर्द्धनका लागि अवार्ड आयोजना गरेका हौं, कसैको गोजीको खर्च र लगानीले यो अवार्ड भएको होइन । जसले कुनै पनि वास्ता नगरी राम्रा सिर्जना निरन्तर ल्याएका छन् उनीहरू परिरहनेछन्, जसले अवार्डका लागि मात्र सिर्जना गरेको छ उ नपर्न पनि सक्छ । कति समयवधि सकिएर छुट्नु पनि भयो होला तर जतिले फर्म भर्नुभएको थियो त्योमध्येबाट हामीले उत्कृष्ट पाँच छानेका हौं ।

***प्रतिष्ठानले अवार्ड गरेको त कमाउनका लागि भन्ने आरोप लगाइन्छ नि ?***

अवार्डहरू विवादरहित कहिँ पनि भेटिनँ । स्वच्छ तरिकाले काम गर्दा गर्दै पनि आरोप लागिहाल्छ । कति अवार्डहरू यति भद्दा देखिन्छ तर त्यसको कसैले विरोध नै गर्दैन, यो हाम्रो समाजको उदाहरण हो । राम्रो अवार्डमा धेरैको चासो बढ्छ त्यसैले बजारमा सकारात्मक र नकारात्मक चर्चा आइरहन्छ । कमाउनका लागि अवार्ड नै गर्नुपर्छ भन्ने छैन, यसमा लगाउने मेहनत व्यवसायमा लगायो भने कमाइको लागि चिन्ता गर्नु नै पर्दैन ।

***यस अवार्डमा कति छुट्नु भएको होला उहाँहरुलाई के भन्नुहुन्छ ?***

लोकदोहोरीको लागि थोरै ठाउँ दिएका अवार्डमा दौडिनेहरूका लागि पुरै लोकदोहोरीका विधाहरूमा गरिरहेको अवार्ड पनि छ भनेर सम्झने काम गर्नुस् भन्छु । अरूलाई सहभागिताको लागि फर्म भर्न पठाउने होइन आफैं आउनुस् र सहभागी भइदिनुस् भन्छु । हामी सम्मान गर्न खोजिरहेका छौं तपाईं भागिरहनु हुन्छ भने सम्मान गर्नै सकिँदैन । म छु भने पनि लोकदोहोरी र मर्छु भने पनि लोकदोहोरी भनेर अघि बढ्नुस् तपाईं छुट्नु नै हुन्न । अवार्ड हाम्रो वार्षिक क्यालेन्डर हो, यसमा सम्पूर्ण लोकदोहोरीमा क्रियाशील रहनुभएका साथीहरूले चासोको विषयमा लिनुपर्छ ।

***लोकदोहोरी प्रतिष्ठानको आगामी कार्ययोजना कस्ता छन् ?***

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल भनेको मुलुकको एक मात्र धेरै सदस्य भएको संस्था हो । ८ वटा अञ्चल, ५६ वटा जिल्लामा शाखा र उपत्यका समन्वय समितिको मातहतमा ७ वटा समिति रहेको संस्था हो । जहाँ मादल सारङ्गी बजाउनेदेखि रेकर्डिङ स्टुडियोसम्मका कलाकारहरू सहभागी रहेका छन् । अवार्ड हाम्रो वार्षिक क्यालेन्डरका रूपमा आइसकेको छ । कलाकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्नु मुख्य लक्ष्य नै छ । त्यस्तै प्रतिष्ठानको भवन निर्माण र कलाकारलाई स्वरोजगारमूलक अर्थतन्त्र निर्माण गर्ने अभियानमा छौं ।

***कलाकारसँग नै ट्याक्स लिएर कलाकारलाई नै पेन्सन हुने काम गर्न सकिँदैन ?***

यो कलाकारका लागि नभइ नहुने कुरा हो । हामीले उमेर छउन्जेल मात्र कलाकार भनियो तर रिटायर्ड लाइफलाई सफल बनाउन सकिएन । अझ यतिसम्म कि कलाकारलाई आर्यघाट पुऱ्याउन पनि सहयोग माग्नुपर्ने बेला आयो । सरकारले पनि घाटमा मूल्य छुट्याइदिएको छ तर हामी त्यो मूल्य तिर्न नसक्ने भएका कारण सबै माग्नुपर्ने स्थितिमा पुग्छौं । दाउरा र तेल किन्नका लागि सहयोग जुटाउने अवस्था अब हटाउनुपर्छ ।

***अन्त्यमा ?***

अवार्डलाई सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद । प्रायोजकहरूलाई धेरै धन्यवाद र विशेष गरेर धन्यवाद जसले अवार्डका लागि दिन खर्च गरेर विवाद भयो भन्ने गफ गर्नुहुन्छ त्यो सबैभन्दा उपलब्धी हो । किनकी एक दिनको काम भए पनि हाम्रो अवार्डको लागि खर्च गरिरहनुभएको छ ।

## कल्याणकारी कोषमा केसी दाजुभाइको ५१ हजार सहयोग



म्यूजिकखबर । बागलुङ्ग घर भइ हाल अमेरिका बस्दै आएका संगीतकर्मी अनिल केसी र कृष्ण केसीले संगीतकार संघ नेपालको 'संगीतकर्मी कल्याणकारी कोष'मा ५१ हजार रूपैयाँ सहयोग गरेका छन् । केसी दाजुभाइमध्ये अनिलले नेपाली संगीतमा लगानी गर्दै आएका छन् भने कृष्ण आफनो मन आफैसँग, कस्ले सुरूवात गऱ्यो जस्ता चर्चित गीतका सर्जक हुन् । केसी दाजु भाइले संगीतकर्मी कल्याणकारी कोषमा संघका पदाधिकारीहरू र सल्लाहकार हरूको उपस्थितीमा संघका सदस्य श्रीकृष्ण बम मल्ल मार्फत रकम हस्तान्तरण गरेका हुन् ।

रकम हस्तान्तरण गर्दै अनिलले संगीतकर्मी कल्याणकारी कोषमा सहयोग गर्न पाएकोमा खुसी ब्यक्त गरेका थिए । उनले अरूलाई पनि सक्दो सहयोग गरि यो पवित्र अभियानमा जोडिन आग्रह गरे । संगीतकार संघ नेपालले स्थापना गरेको संगीतकर्मी कल्याणकारी कोषको बैसाख महिनासम्मको विवरण अनुसार कोषमा ७ लाख ६८ हजार २६१ रूपैयाँ ९७ पैसा जम्मा भएको संघका अध्यक्ष लक्ष्मण शेषले जानकारी दिएका छन् । संगीतकर्मीहरूका लागि मर्दा पर्दा सहयोग गर्ने उद्धेश्यले स्थापना गरिएको कल्याणकारी कोषमा देश विदेशबाट सहयोग रकमहरू जम्मा हुने क्रम जारी रहेको संघका प्रेस सल्लाहकार लोकराज अधिकारीले जानकारी दिए ।

यसैबीच दाताको सहजताका लागि म्यूजिक संसार नेपालले डोनेट बक्स समेत संचालनमा ल्याएको छ । इच्छुक दाताले म्यूजिक संसार नेपालको वेव साइटमा रहेको डोनेट बक्स मार्फत कल्याणकारीकोषमा सहयोग रकम जम्मा गर्न सक्नेछन् । नेपाली संगीत क्षेत्रका सबै बिधाका सर्जकहरूलाई आपत बिपत पर्दा सहयोग गर्ने उद्धेश्यले स्थापना गरिएको कल्याणकारी कोषमा सहयोग आउने क्रमसँगै पीडित संगीतकर्मीका लागि पनि खर्च भैरहेको छ । अहिलेसम्म कोष बाट ५ जना सर्जक संगीतकर्मी एकजना संगीत कला पत्रकारको औषधी उपचारमा र एकजना सर्जकको निधनमा कोषबाट १ लाख २४ हजार ९ सय ७२ रूपैया सहयोग गरिसकिएको छ । त्यस्तै संघले कल्याणकारी कोष बृद्धिका संघले मेचीकाली यात्रा गर्ने भएको छ ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

# प्रतिलिप अधिकार र रोयल्टीका विषयमा व्यवसायीसँग अन्तरक्रिया



म्यूजिकखबर । प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको सहकार्यमा संगीत रोयल्टी संकलन समाजले संयुक्त रूपमा कार्यक्रम आयोजना गर्दै होटल व्यवसायी, उद्योग वाणिज्य संघ एवं पर्यटन क्षेत्रका उद्योगी एवं व्यवसायीसँग प्रतिलिपि अधिकार र संगीत रोयल्टीका बारेमा अन्तरक्रिया गरेको छ । होटल व्यवसायी एसोसिएसनका प्रतिनिधि एवं पर्यटन बोर्डका कार्यकारी सदस्यहरूले रोयल्टीको व्यवस्थापनमा सहयोग गर्ने र रोयल्टी बुझाउनका लागि आफूहरू तयार रहेको बताएका थिए । उनीहरूले रोयल्टीका बारेमा सबै व्यवसायीहरूलाई बुझाउने काम पहिला गर्नुपर्ने बताएका थिए । त्यसैगरी रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीले चिया खाएर पैसा तिरेजस्तै गीतको सार्वजनिक प्रयोग गरेवापत रोयल्टी पनि बुझाउनु पर्ने बताएका थिए । सबै होटल व्यवसायी, सार्वजनिक सवारी साधन, पर्यटनको क्षेत्रमा क्रियाशील व्यवसायीहरू ज-जसले सार्वजनिक रूपमा गीतसंगीतको प्रयोग गरेका छन् तिनीहरूले अनिवार्य रूपमा रोयल्टी बुझाउनु पर्ने अन्यथा प्रतिलिपिन अधिकारी अनुसार कारवाही हुने कानूनी प्रावधान रहेको बताएका थिए ।

कार्यक्रममा प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयकी निमित्त रजिष्ट्रार सुष्मा पोखरेलले प्रतिलिपि अधिकार सम्बन्धी कार्यपत्र प्रस्तुत गरेकी थिइन् । उनले गीतसंगीतका प्रयोगकर्ताले कस्ता कानुनको पालना गर्नुपर्ने, रोयल्टी नतिरे के हुन्छ र कसले रोयल्टी बुझाउनु पर्छ भन्ने बारेमा कार्यपत्रमा उल्लेख गरेकी थिइन् । त्यसैगरी पूर्व रजिष्ट्रार बिसु कुमार केसीले गीतसंगीतको प्रयोग र प्रतिलिप अधिकारका बारेमा सबैजना सचेत हुनुपर्ने बताउँदै कानूनले तोकेअनुसार गीतसंगीतको पनि कर बुझाउनु पर्ने बताएका थिए । कुनै पनि गीतसंगीत एवं चित्रकलाहरू सार्वजनिक रूपमा प्रयोग गरेवापत त्यसको रोयल्टी अनिवार्य बुझाउनु पर्ने केसीले बताए ।

# रोयल्टी व्यवस्थापनमा उत्पादक र प्रस्तोताको अभियान




म्यूजिकखबर । संगीत रोयल्टी व्यवस्थापनको लागि संगीत उत्पादक समाज नेपाल र प्रस्तोता समाज नेपालले पूर्वको इटहरीमा सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको सहकार्यमा गरिएको उक्त कार्यक्रममा इटहरीका बुद्धिजीवी, पत्रकार, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, स्थानीय बासिन्दा एवं स्थानीय प्रशासनको उपस्थिति रहेको थियो । रोयल्टी के हो र यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेमा कार्यक्रम केन्द्रित रहेको थियो । कार्यक्रममा पूर्व रजिष्ट्रार बिसु कुमार केसीले कार्यपत्र प्रस्तुत गर्दै रोयल्टी व्यवस्थापनमा सम्पूर्ण निकायहरू जागरूक हुनुपर्ने बताएका थिए । केसीले रोयल्टी एवं प्रतिलिपि अधिकारका बारेमा सबैले बुझेर सार्वजनिक प्रयोग गरेवापत रोयल्टी बुझाउनु पर्छ भन्नेमा सचेत गराउन सम्बन्धित निकायहरूलाई अनुरोध गरेका थिए ।

त्यस्तै प्रतिलिपि रजिष्ट्रार कार्यालयकी निमित्त रजिष्ट्रार सुष्मा पोखरेलले कार्यक्रममा प्रतिलिपि अधिकार र रोयल्टी व्यवस्थापनको विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा संगीत उत्पादक समाज नेपालको तर्फबाट अध्यक्ष निर्मल ढकालले अब रोयल्टी व्यवस्थापनको चरणमा आइपुग्दा गीतसंगीतको प्रयोग गरी मुनाफा कमाउनेहरूले रोयल्टी नतिरी सुख नपाउने बताएका थिए । त्यस्तै प्रस्तोता समाज नेपालका अध्यक्ष तुलसी पराजुलीले रोयल्टीका बारेमा सचेत भएर सार्वजनिक प्रयोग गरेवापत रोयल्टी बुझाउन पनि सबैलाई अनुरोध गरेका थिए । पछिल्लो समय रोयल्टीको विषयले प्रगतिको पाइला अगाडि बढाइरहेको हुँदा अबका दिनमा सार्वजनिक सवारी साधन, रेडियो, एफएम, टेलिभिजन, होटल, रेस्टुराँ, डिपार्टमेन्टल स्टोर, दोहोरी साँझ सबैले गीतसंगीतको प्रयोग गरेवापत रोयल्टी बुझाउनु पर्ने प्रावधान बनेको छ । यसलाई कार्यान्वयन गर्न सबै सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराउँदै सचेतनामूलक कार्यक्रमहरू आयोजना गरिएको प्रस्तोता समाज नेपालका अध्यक्ष तुलसी पराजुलीले बताएका थिए ।



# संगीतमा योजनाको समर्पण




संचारकर्मी एवं गायिका योजना पुरीले आफ्नो जन्मदिनको अवसर पारेर राजधानीको तिनकुने स्थित निः साहाय सेवा सदन बृद्धा आश्रममा आफ्नो पछिल्लो गीति एल्बम 'समर्पण' सार्वजनिक गरेकी छन् । लामो समयदेखि साङ्गीतिक क्षेत्रमा लागेर गायन क्षेत्रलाइ ब्यवसायिक रूपमा आफ्नो पेशा बनाउँदै आएकी सञ्चारकर्मी तथा गायिका योजना पुरीको 'समर्पण' दोस्रो एल्वम हो । बरिष्ठ सङ्गीतकार राजु सिंहको प्रमुख आतिथ्यमामा सम्पन्न उक्त कार्यक्रममा रंग पत्रकार तथा लेखक शान्तिप्रिय, सार्थक नेपाल सस्थाका उपाध्यक्ष्य तथा सञ्चारकर्मी मोडल राजेन्द्र लुइटेल, निः साहाय सेवा सदनकी सञ्चालिका सगुन शाह बिशेष अतिथिमा रहेका थिए । ओएस नेपालको प्रस्तुति रहेको एल्बम समर्पणमा 'नोनो नो", 'मौका नै दिएनौ", 'नेपाल देश", 'म त बस्नै नसक्ने", 'घर होइन मन"जस्ता पाँच गीत समावेश गरिएको छ । राजेश श्रेष्ठ, राजु सिंह, रियाज वाकोटी, राजिब शाह तथा राजा राजेन्द्रको सङ्गीत रहेको गीतमा पबी घिमिरे, दीप गिरि, नवराज खड्का, गणेश सुबेदी र राजा राजेन्द्रको शब्द रहेको छ ।

निः साहाय सेवा सदन बृद्धा आश्रमका आश्रित बृद्धा आमा बुवाहरूलाइ खाजा तथा खान खुवाउदै लोकार्पण गरिएको कार्यक्रममा 'एल्बममा एकदमै राम्रो गीतहरू समेटिएको र गीत सङ्गीत प्रेमीले मन पराइ दिनुहुन्छ भन्ने आश गरेकी छु', गायिका योजनाले भनिन् ।' राजु सिंह र शान्तिप्रियले बधाई तथा शुभकामना दिएका थिए । कार्यक्रममा आयोजक सार्थक नेपालले विभिन्न व्यक्तित्व तथा सञ्चारकर्मीलाई प्रशंसा पत्र पत्र प्रदान गरिएको थियो ।

# गीतबाटै पूर्व–पश्चिम जोड्दै धनबहादुर र गणेश

सबैलाई एकैथलोमा समेट्न सक्ने र एकआपसमा सद्भाव कायम राख्ने सबैभन्दा महत्वपूर्ण कुरा भनेकै संस्कृति हो । पश्चिमी क्षेत्रमा प्रचलित कौरा गीतलाई पूर्वको शब्द संयोजन गराउँदै एक आपसमा सांस्कृतिक सद्भाव कायम गर्ने दौडमा छन् गायक गणेश गुरूङ



र धनबहादुर गुरूङ । कौरा किङकै रूपमा चिनिने गायक गणेश गुरूङलाई नेपाली कला संस्कृतिलाई नजिकबाट माया गर्ने व्यवसायी धनबहादुर गुरूङले साथ दिन सफल भए । जसको फलस्वरूप पश्चिमको कौरालाई पूर्वको सेरोफेरोका शब्द मात्र नभएर धरानजस्तो शहरमा छायाँकनसमेत गर्न सफल भएका छन् ।

यस गीतलाई गायक गणेश गुरूङ र धनबहादुर गुरूङले लेखेका हुन् भने गणेश गुरूङकै लय संकलन रहेको छ । यस गीतमा सालैजोका किङ मानिने दुई गायक राजु गुरूङ, लोकप्रिय लोकदोहोरी गायिका मुना थापा मगर, चिना थापा र बबिता गुरूङको साथमा धनबहादुर गुरूङ र गणेश गुरूङ स्वर रहेको छ ।

'सुनको औंठी' बोलको कौरा भाकाले विशेषगरि पूर्व र पश्चिमको संस्कृतिलाई एउटै डोरिमा बाँध्ने प्रयास गरेको छ । गीतका टुक्काहरूमा पश्चिमको संस्कृतिलाई पूर्वमा परिचत बनाउन खोजिएको गायक धनबहादुर गुरूङले बताए । विशेष गरेर पूर्वको धरान वरिपरि बस्ने गुरूङ, राई, लिम्बूहरूलाई पश्चिमको गीतसंगीत र संस्कृतिमा परिचित गराउन खोजिएको गायक गुरूङले बताए ।

उक्त गीतलाई निर्देशक मनाङ गुरूङको निर्देशनमा म्युजिक भिडियो निर्माण गरएको छ । गीतको सम्पुर्ण छांयाकनको काम पूर्वको धरान र आसपारमा नै गरिएको हो । गीतलाई खेम थापाले खिचेका हुन्, भने बिष्णुहरी तिमिल्सीनाले सम्पादन गरेका हुन् । कौरा र सालैजो विशेष गरि पश्चिमि गुरूङ र मगर समुदायमा लोकप्रिय मानिन्छ । गुरूङ विशेष गरेर कौरा र सालैजो गीत गाउन माहिर गायकका रूपमा परिचित गायक गुरूङले केही समयअघि गुरूङ चलचित्र फ्हिरूमालामा समेत नायकको भूमिका निर्वाह गरेका थिए ।

# गजलकार हटुवालको दर्द

गजलकार ज्ञानदेव हटुवालको गीत गजलसंग्रह दर्द सार्वजनिक गरिएको छ । प्राध्यापक डा.कृष्णहरि बरालको प्रमुख आतिथ्यतामा गजलसंग्रह दर्दलाई सार्वजनिक गरिएको हो । नेता, सांसद, सचिव, विभिन्न संघसंस्थाका प्रतिनिधि, साहित्य तथा गीतसंगीतका वरिष्ठ व्यक्तित्वहरूको उपस्थितिमा राजधानीमा एक कार्यक्रमको आयोजना गरी दर्दलाई सार्वजनिक गरिएको हो ।

सनसाइन आवासीय विद्यालय भैरहवाका संस्थापक प्रिन्सिपल समेत रहेका ज्ञानदेव हटुवाल लमजुङमा जन्मिएर भैरहवामा सामाजिक



व्यक्तित्वका रूपमा परिचित छन् । सबैका मनमा बस्न सफल भएका ज्ञानदेव हटुवाल राम्रा सर्जकका रूपमा परिचित छन् । उनको पहिलो श्रव्यदृश्य कृतिका रूपमा दर्द सार्वजनिक भएसँगै उनको साहित्यिक पाटोलाई पनि सबैका सामु ल्याइएको हो । कार्यक्रममा गायक राज सिग्देलले गजल गायन प्रस्तुत गरेका थिए भने दुईवटा गजलको म्यूजिक भिडियोसमेत देखाइएको थियो । उपस्थिति अतिथिहरूले शुभकामनाका शब्दहरू खर्चँदै ज्ञानदेव हटुवालको साहित्यिक, सांगीतिक एवं सामाजिक जीवनमाथि चर्चा गर्दै गजलसंग्रहले झन् उचाइ थपेको बताएका थिए ।

त्यसैगरी वरिष्ठ संगीतकार चन्दनकुमार श्रेष्ठ, चण्डी प्रसाद काफ्ले र दीपक जंगमलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको थियो । गीतसंगीतको क्षेत्रमा उल्लेख्य योगदान दिएवापत उनीहरूलाई सम्मान प्रदान गरिएको हो ।

एल्बममा कसरी बताउँ खै, नजिकिने बहनामा, तिमीलाई पाउने, दिएन साथ जिन्दगीले, सधैंभरि नबिर्सिने, देउतालाई फूलपाती, कुरी बसें तिमीलाईलगायत ९ वटा गीत समावेश गरिएको छ । जसमा बीबी अनुरागी, सुशीलकुमार श्रेष्ठ, राज सिग्देलको संगीत रहेको छ भने राज सिग्देल, मनोजराज, नीपा क्षत्री, सत्यराज आचार्य, अन्जु पन्त, राधिका भण्डारी, आनन्द कार्कीको स्वर रहेको छ ।

SCREENNEPAL #1 Nepali Entertainment Portal
साप्ताहिक फिल्मी खबर हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार
म्यूजिक डायरी Music Diary
STREETNEPAL.COM total newsportal

# 'पागल' पछि खोजिएका शिव कार्की



म्यूजिकखबर । एउटा दुर्गम भेग सोलखुम्बु तर पर्यटकीय जिल्ला मानिने पनि सोलखुम्बु नै । त्यहि जिल्लाको मुक्ली गाबिसमा पिता सार्के कार्की र माता नैना कार्कीको कोखबाट माईलो सन्तानको रूपमा जन्मिएका पछिल्लो पुस्ताका प्रतिभाशाली लोकदोहोरी गायक शिव कार्की यो बेला चर्चाको शिखरमा छन् ।

पछिल्लो पटक कमल सरगमको लय तथा शब्द सिर्जनामा शिव कार्कीकै प्रस्तुतिमा लोकदोहोरी गीत 'पागल' निकै चर्चामा छ त्यसैले पनि होला शिव कार्कीको नाम जताततै सुनिन थालेको पाइन्छ । एक दर्जनको हाराहारीमा गीतहरू बजारमा ल्याए पनि सोचे जस्तो सफलता नपाएका गायक शिव कार्कीले जब 'पागल'बजारमा ल्याए त्यसपछि उनको खोजी हुन थालेको हो । विन्ध्यवासिनी म्यूजिक प्रालिले बजारमा ल्याएको गीतमा शिव कार्कीलाई चर्चित लोकदोहोरी गायिका बिष्णु माझीले साथ दिएकी छिन् ।

गीत संगीतलाई सधै आफ्नो साथी सम्झने गायक कार्कीको रूची गीत संगीत नै थियो । संगीत क्षेत्रमा पहिलो पटक आधुनिक गीत गएर गीत संगीतमा प्रवेश गरेका हुन् । पागल गीतमा अभिनय भने विन्ध्यवासिनी म्यूजिकका संचालक सुबास रेग्मीको देख्न सकिन्छ भने साथ सारिका केसीले दिएकी छिन् । कपिल लामाको निर्देशनमा तयार भएको गीतको म्यूजिक भिडियोमा छायांकन भने राजेश घिमिरेले गरेका हुन् । सुजन शाहीको उत्कृष्ट सम्पादनमा तयार भएको भिडियो यो बेला युटुबमा अत्याधिक चर्चामा देखिन्छ भने बिभिन्न संचारमाध्यममा पनि रूचाइएको पाइन्छ ।

# जोशीलाई 'बाङ्मय शताब्दी पुरुष'को उपाधि



म्यूजिकखबर । अग्रज संस्कृतिविद् सत्यमोहन जोशीलाई नेपाल सरकारले 'बाङ्मय शताब्दी पुरूष'को उपाधिबाट सम्मान गरेकोमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सो कार्यको स्वागत गरेको छ । बर्तमान सरकारले दुई साता अघि मन्त्री परिषदबाट पारित गरेर जोशीलाई बाङ्मय शताब्दी पुरूषको उपाधि दिएको हो । यसै क्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) र उपकुलपति शम्भुजीत बासकोटाले बाङ्मय शताब्दी पुरूष जोशीलाई ललितपुरको बखुण्डोल स्थित उनकै निवासमा भेटेर बधाई ज्ञापन गरे । सो क्रममा बाङ्मय शताब्दी पुरूष जोशीलाई फुलगुच्छा तथा खादा लगाईदिँदै प्रतिष्ठानका तर्फबाट बधाई ज्ञापन गरिएको थियो ।

सो क्रममा कुलपति सरूभक्तले तत्कालिन नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव सत्यमोहन जोशीको आमन्त्रणामा पहिलो पटक राष्ट्रिय कविता महोत्सवमा सहभागी भएर तृतीय स्थान हाँसिल गरेको अनुभव सो भेटमा सुनाए । बाङ्मय शताब्दी पुरूष जोशीले पनि आफुद्धारा लिखित 'नेपाली कलाको रूपरेखा' (प्राचिन र मध्यकालीन)को प्रकाशित पहिलो प्रति बुधबार आफ्नो हस्ताक्षर सहित नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका लागि कुलपति सरूभक्तलाई प्रदान गरे ।

केही समय अघि प्रतिष्ठानका तर्फबाट बाङ्मय शताब्दी पुरूष जोशीको जीवनी समेटेर बृत्तचित्र निर्माण गर्ने प्रस्ताव राखिएको थियो । सो प्रस्तावलाई बाङ्मय शताब्दी पुरूष जोशीले स्वीकार गरेपछि कुलपति सरूभक्त र उपकुलपति बासकोटाले जोशीको स्वीकारलाई स्वागत गरे । सो बृत्तचित्रको लागि अनुसन्धानको कार्य केही समय अघिदेखि भएको र क्रियसन क्रिउका तर्फबाट निर्माण कार्य तत्कालै सुरू गरिने पनि कार्यक्रममा जानकारी गराईयो ।

उपकुलपति शम्भुजीत बास्कोटाले बाङ्मय शताब्दी पुरूष जोशीले अनुसन्धान गरिरहेको कात्तिक नाच सम्बन्धि पुस्तक प्रतिष्ठानका तर्फबाट प्रकाशित गर्ने अनुमति जोशीसँग मागे । सो प्रस्तावलाई स्विकार गर्दै पुस्तक अन्तिम चरणमा पुगेको जोशीले बताए । सो भेटका क्रममा उपकुलपति बासकोटाले तत्कालिन शाही नेपाल प्रज्ञा प्रतिष्ठानमा सँगीत निर्देशकको रूपमा काम गर्दाका अनुभव बाङ्मय शताब्दी पुरूष जोशीलाई सुनाए । आफुलाई गाईजात्रा महोत्सबमा बाङ्मय शताब्दी पुरूष जोशीले प्यारोडी गाउन अबसर दिंदा राजा बीरेन्द्रबाट उपहार पाएको अनुभव पनि उपकुलपति बासकोटाले सो भेटमा उनलाई सुनाए ।

# यौन विद्रोह कथासंग्रह नमस्ते काठमाण्डू

म्यूजिकखबर । पत्रकार डब्बु क्षत्रीको पहिलो कथा संग्रह 'नमस्ते काठमान्डू' पाठकमाझ आएको छ । राजधानीको कालिकास्थन स्थित सर्वनाम नाटकघरमा कलाकारहरूले कथामाथि बनेको गीतमा अभिनय गर्दै पुस्तक सार्वजनिक गरेको छ ।

संग्रहका कथाको भाव समेटेर बनाईएको गीत 'नमस्ते काठमान्डू' पनि सोही कार्यक्रममा सर्वजनिक गरिएको थियो । जुगल डंगोलको संगीत र सन्देश पाठकको स्वरमा रहेको यो



गीतमा कथाका सबै शिर्षक र भाव समेटिएको थियो । राज शाहको निर्देशनमा सर्वनामका कलाकारहरूले सबै कथाको भाव झल्कने गरी अभिनय प्रस्तुत गरेका थिए ।

पुस्तक लोकार्पण पछि सो कथासंग्रहमाथि अन्तरक्रिया आयोजना गरियो । लेखक सचिन घिमिरेले सहजीकरण गरेको सो अन्तरक्रिया कार्यक्रममा अभिनेत्री ऋचा शर्माले संग्रहका कथामा उल्लेखित घटना र पात्रहरू आफुले आफ्नै समाजमा देख्दै आएको बताईन् ।




संग्रहका थुप्रै कथाका पात्रहरू आफुलाई मन परेको र ती पात्रको रूपमा अभिनय गर्न आफ्नालागि चुनौती बन्ने सक्ने भनाई राख्दै उनले भनिन्, 'कथामा समेटिएका कतीपय पात्रहरू यस्तो मनोविक्षिप्त छन की उनीहरूको भूमिका निर्वाह गर्न पनि निकै चुनौतीपूर्ण मैले ठानेको छु ।'

पत्रकार यज्ञशले सञ्चार कर्मी डब्बु क्षत्री लामो समयदेखि पत्रकारितामा आबद्ध भएको र संग्रहका कथामा पत्रकारिताको लेखन शैली झल्किएको बताए । कथाहरूमा नयाँ प्रयोग गरिएको बताउँदै समाजका बर्ग अनुसारको यौन अबस्था र त्यसको स्थितिलाई कथामा समेटिएको बताए ।

क्षत्रीले कथामा आफ्नो छुट्टै पन बनाएको र समाजका विभिन्न बर्ग, धर्म, भाषा, लिंगलाई टिपेर कथामा उनिएको भन्दै यज्ञशले कथाहरू सबै बर्गका लागि लेखिएको बताए । उपन्यासकार जया ओझाले अन्तरक्रियामा बोल्दै नमस्ते काठमाडौंका कथाहरू यौनमा केन्द्रित भएर पनि पटक्कै अश्लिल नभएको बताईन् । तर कथाहरूलाई शिर्षकमा बर्ग नछुट्याई कुन कथा कुन बर्गको हो भनेर छुट्याउने जिम्मा पाठकलाई नै दिएको हुन्थ्यो भनिन् । तथापि कथाले जो कोहीको मन छुने पनि उनले बताईन् ।लेखक डब्बु क्षत्रीले आफुले समाजमा देखेका घटनाहरूलाई कथामा ढालेर यो संग्रहमा ल्याएको बताए ।

'नमस्ते काठमान्ड' कथाहरूलाई यौन अस्लिलता नभएर यौन बिद्रोहको रूपमा कथाकार क्षत्रीले व्याख्या गरे । समाजमा जे देखेको त्यही घटनालाई कथामा बुनेको पनि बताए । संग्रहमा १८ ओटा कथा रहेका छन् ।

## व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।



सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।

MB Music Recording Studio
Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।

विनोद बाजुराली, प्रबन्ध निर्देशक एवं एरेन्जर
मालश्री रेकर्डिङ स्टुडियो
फोन: ९८४११६२५२५

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।

VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।

झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।

बीबी अनुरागी
सङ्गीतकार तथा एरेन्जर
प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१-४२६८६१४

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# स्वरकी धनी स्वरूपा



सबिता पोखरेल/म्यूजिकखबर

सुन्दर बान्की, हँसिलो मुहार र निखारिएको गलाकी धनी हुन् गायिका स्वरूपा रसाइली । मानिसको भविष्य उसको बाल्यकालको चरित्रले देखाउँछ भने जस्तै स्वरूपाका बाल्यकालका गतिविधिले भविष्यमा गायिका नै बन्ने संकेत गर्ने गर्दथ्यो । संगीतमा सानै देखीको सौख भएकी स्वरूपाको नशा नशामा संगीत तरंगीत भएका कारणले नै अहिले स्थापित गायिकाको परिचय बनाउन सफल भएकी छिन् । बाग्लुङ जिल्लाको भकुण्डे गाउँमा जन्मिएकी स्वरूपा सानैदेखि गीत संगीत भनेपछि भुतुक्क हुन्थिन् । विद्यालय, गाउँमा आयोजना हुने कार्यक्रममा गीत गाएर भविष्यमा गायिका नै बन्ने संकेत देखाएकी थिइन् । सांगीतिक माहौलमा जन्मे हुर्केकी उनको स्वर सुनेपछि सबैले त्यो स्वरको तारिफ गर्थे, उनलाई स्याबासी दिन्थे । दाई विवी अनुरागी कुशल संगीतकार, आमा पनि राम्रो गीत गाउन सक्ने, मादल बजाउने, मुरली बजाउने  एक किसिमको सांगीतिक माहौल भएको परिवार । खेतबारीमा काम गर्दा पनि उनको साथमा रेडियो हुन्थ्यो । रेडियो बजेका गीत सुन्ने अनि त्यसरी नै गाउँदै बाल्यकालदेखि नै संगीतमा जोडिएकी उनलाई तर के गायिका नै बन्न सकुँला र ? भन्ने प्रतिप्रश्न गर्थ्यो उनको अन्तर आत्माले । यहि डरले गायिका बन्ने लक्षण देखाएता पनि लक्ष्य भने गायिका बन्नु थिएन । यस्तो वातावरणले पनि उनको गायकीमा टेवा पुग्यो, गायिका बन्ने सपना भने पलाएन ।

उच्च शिक्षाका लागि २०६१ सालमा राजधानी भित्रिएकी स्वरूपालाई यतिबेला स्थापित गायिकाको रूपमा पाएका छौं । उनको परिचय गायिका मात्र नभएर संगीतको अर्को व्यवसायिक पाटो स्टुडियो व्यवस्थापक पनि हुन् । प्रिज्मा रेकर्डिङ स्टुडियोमा २०६५ सालदेखि यतिञ्जेल उनी कुशल ब्यवस्थापक भएर परिचय बनाएकी छिन् ।  व्यवस्थापनबाट बचेको समयलाई स्वरूपाले नेपाली गीत संगीतको प्रबर्द्धनमा खर्च गर्दै आएकी छिन् ।

स्टुडियोमा पसेर गीत गाएको अनुभव धौलागिरी एफएमको जिंगल गाएर लिएकी हुन् । देउडा गीतबाट शुरू भएको सांगीतिक यात्रामा भजन, लोक, पप, लोक पप र आधुनिक सबै बिधाका गीत गाउन सक्ने भर्सटायल गायिकाको छवि बनाउन सफल भएकी उनले अहिलेसम्म २०० गीतमा स्वर भरिसकेकी छिन् । मलाई संसार चिनाउने मेरी दुःखी आमा, दोधारमा छैन यो मन, माया भए फुलजस्तै, यसपालीको तीजमा कति रमाइलो जस्ता गीतले गायिका स्वरूपा रसाइली भनेर चिनारी दियो । त्यसपछि कहाँ छौ कहाँ बोलको आधुनिक गीतले चिनारी मजबुत बनायो । उडायो उडायो गाउँदाको समयसम्म आइपुग्दा स्थापित गायिकाको पंक्तिमा उभिएकी हुन् ।

सबै विधाका गीतहरू गाएता पनि सुगम संगीतमा उनको स्वर बढी म्याची भएको बताउँछन् सुन्नेहरूले । सबै किसिमका गीत गाउन उतिकै सहज लागेता पनि प्रतिक्रियाका आधारले सुगमसंगीत कै बढी प्रस्ताव आइदिए हुन्थ्यो जस्तो लाग्छ  उनलाई । धैर्यता, मेहेनत र कलाको प्रयोग भयो भने अवश्य सफल भइन्छ भन्ने उनको मान्यता रहेको छ । स्टुडियोमा अनुबन्धित भएकाले संगीतले नै जीवन बाँचिरहेको छु । बाहिर कार्यक्रममा त्यति जान सक्दिन । अब भने समयको म्यानेजमेन्ट गर्दछु र बाहिरको प्रस्तावलाई पनि स्वीकार गर्नेछु ।

नेपाली संगीतप्रतिको लगाव, अनि क्षमता भएकी सुरिलो स्वरकी धनी स्वरूपा यहि उद्योगमा समर्पित भएर लागि परिरहेकी छिन् । २०७३ सालको असार महिनामा व्यवसायी तथा गीतकार बिजय सुनारसँग बैबाहिक बन्धनमा बाँधिएर गायिका स्वरूपा बुटवलकी बुहारी भएर भित्रिइन् । सांगीतिक क्षेत्रमै तन मन दिएर लागिपरेकी स्वरूपालाई जसरी माइतीको सपोर्ट रह्यो त्यसरी नै विवाह पश्चात घरपरिवारको पनि उत्तिकै सपोर्ट रहेको छ । मेरो लगाव र अरूले दिएको इज्जतको कदर गर्दै श्रीमानले पनि यो क्षेत्रबाट टाढा जान दिनुहुँदैन । गायिकाको परिचय बनाउन सकेकोमा परिवार पनि उतिकै खुशी छ ।

सोसोलोजीमा मास्टर्ससम्मको अध्ययन गरेकी स्वरूपाले रामभक्त खतिवडासँग संगीतको शिक्षा लिएकी हुन् । त्यसपछि सांगीतिक करियरका लागि दाजु बिबी अनुरागी र भाई श्यामश्वेतलाई उनी विशेष गुरू ठान्दछिन् । 'उहाँहरूकै साथ, सहयोग र सल्लाहले यो क्षेत्रमा भित्रिए र यो स्थानमा रहें' उनले भनिन् ।

राष्ट्रिय स्तरमा आयोजना हुँदै आएका विभिन्न अवार्डहरूमा टप फाइभमा पर्दै आएकी स्वरूपाको यस्ता कार्यक्रमहरू प्रति सकारात्मक धारणा रहेको छ । अवार्ड प्राप्त गरेसँगै स्रष्टालाई सम्मान तथा प्रोत्साहन मिल्नेछ । अवार्डको हकदार बन्ने उदेश्यले कलाकारले आफ्नो सिर्जनालाई सर्वोत्कृष्ट बनाउने कसरत गरिरहेको हुन्छ । 'यस्ता कार्यक्रम आयोजकहरूलाई मेरो सम्मान छ जसले हामी कलाकारहरूको सम्मानका लागि सोचेर काम गर्दै आउनुभएको छ' । आगामी दिनमा साक्षी एल्बममा रहेका गीतहरूको म्यूजिक भिडियो बनाउने तयारीमा रहेकी उनी भन्छिन्–'संगीतकै हिस्सा बनेकी छु, यो जीवनपर्यन्त रहिरहनेछ ।' गीतसंगीतमा उच्च साधना र मेहेनत गरेर मिठा मिठा गीतसंगीत ल्याउन सकुँ । कामले सन्तोष दिलाओस् । भविष्यमा आफ्नो विगत सम्झदा पनि आनन्द महशुस होस् । गोजीमा गाँठ भएका तर गलामा कला नभएकाले संगीत क्षेत्रलाई बिगारेकोमा दुखसो पोख्दै उनी भन्छिन् साधना गरेर क्षमतामा निखारता ल्याएपछि मात्र संगीत क्षेत्रमा आइदिए राम्रो हुने थियो ।







